नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २९, अंक ३२१ काठमाडौं | २०८१ मंसिर ९ आइतबार | मंसिर कृष्णपक्ष, नवमी नेपाल संवत् ११४५ | HIMALAYA TIMES | Sunday 24 November 2024 | पृष्ठ ८ | मूल्य रु ५।-


## फौजदारी कार्यविधि संहिता नियमावलीविरुद्ध सर्वोच्चमा रिट



**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, ८ मंसिर

फौजदारी कार्यविधि संहिता नियमावलीविरुद्ध सर्वोच्चमा रिट दायर भएको छ । सर्वोच्च अदालतको फुल कोर्टले पारित गरेको फौजदारी कार्यविधि संहिता नियमावली, २०७५ का व्यवस्थाविरुद्ध सर्वोच्चमै रिट दायर भएको हो । सर्वोच्च अदालतका न्यायाधीशहरूले गरेको निर्णयको वैधतालाई नै चुनौती दिई संवैधानिक इजलासमा पाँचजना वरिष्ठ कानुनविद्ले रिट दायर गरेका हुन् ।

सर्वोच्चको पूर्ण बैठक (फुल कोर्ट)बाट पारित भएको मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ का कतिपय प्रावधान खारेज हुनुपर्ने माग गरिएको छ । प्रधानन्यायाधीशसहित सर्वोच्च अदालतका पाँच वरिष्ठ न्यायाधीशहरूले आफैं संलग्न भई पूर्ण बैठकबाट गरेको निर्णयको संवैधानिक र न्यायिक परीक्षण गर्नुपर्ने माग रिट निवदेनमा गरिएको छ । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले उक्त मुद्दाको प्रारम्भिक सुनुवाइ गरिसकेको छ । र, सर्वोच्चका सबै न्यायाधीश सम्मिलित पूर्ण बैठकले स्वीकृत गरेको नियमावलीको संवैधानिकतालाई चुनौती दिएको मुद्दा संवैधानिक इजलासमा पठाएको छ ।

### जरिवाना तिरेर मात्रै पुनरावेदन गर्नुपर्ने प्रावधानलाई चुनौती

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार, कतिपय मुद्दाका कसुरदारहरू माथिल्लो अदालतमा पुनरावेदन गर्दा कैदमै बस्नुपर्छ । जन्मकैदको सजाय पाएको, १० वर्षभन्दा बढी कैद सजाय पाएको, अनुसूची-१ र २ का मुद्दामा तीन वर्षभन्दा बढी कैद सजाय पाएको व्यक्तिले कैदमै बसेर पुनरावेदन गर्नुपर्छ । त्यसैगरी, मुद्दाको पुर्पक्षका क्रममा थुनामै रहेको अनि कैद सजाय पाएर नेपालभित्र बसोबास नभएको व्यक्तिले पनि पुनरावेदन दर्ता गर्दा थुनामै बस्नुपर्छ ।

त्यही संहिताका आधारमा जारी भएको मुलुकी देवानी तथा कार्यविधि नियमावली, २०७५ का कतिपय प्रावधानमाथि कानुन व्यवसायीहरूले प्रश्न उठाएका हुन् । नियमावलीको नियम ७२ (१) मा कैद जरिवाना तोकिएका व्यक्तिहरूले लागेको दण्ड जरिवाना र पुनरावेदन दस्तुर दाखिल गरेमा मात्रै पुनरावेदन दर्ता हुने व्यवस्था छ । संहितामा नभएको विषय नियमावलीमा समावेश गरेको र त्यसले गर्दा नागरिकको स्वतन्त्रताको हक कुण्ठित भएको कानुन व्यवसायीहरूको जिकिर छ । वरिष्ठ अधिवक्ताहरू रविनारायण खनाल, डा. सुरेन्द्र भण्डारी, डा. चन्द्रकान्त ज्ञवाली, टीकाराम भट्टराई र अधिवक्ता महेश डंगोलले संयुक्त रूपमा रिट निवेदन दर्ता गरेका हुन् ।

रिट दायरकर्ताहरूले सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार र रजिष्ट्रार अनि सर्वोच्च अदालतको पूर्ण बैठकलाई मुद्दाको विपक्षी बनाएका छन् । मुलुकी फौजदारी कार्यविधि संहिताअन्तर्गत अदालती काम कारबाहीको

» पृष्ठ २ मा क्रमशः

## एमाले र मेयर बालेन पुनः आमनेसामने





**अनिल क्षेत्री/हिटा**

काठमाडौं, ८ मंसिर

सरकारको नेतृत्व गरिरहेको दल नेकपा एमाले र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) फेरि एकपटक आमनेसामने भएका छन् । २०७९ सालमा भएको स्थानीय तह निर्वाचनको चुनावी प्रचारप्रसारदेखि सुरु भएको एमाले र साहबीचको दुस्मनी अहिले पनि जारी छ । चुनावी प्रचारका क्रममा नेकपा एमालेबाट काठमाडौंको मेयरका उम्मेदवार केशव स्थापितले स्वतन्त्र उम्मेद्वार उठेका साहमाथि लगाएको संगीन आरोपबाट सुरु भएको दुई पक्षको वाकयुद्ध पछिल्ला दिनमा झन् बढ्दै गएको छ । काठमाडौंका नदी किनारामा रहेका बस्ती हटाउन काठमाडौं महानगरपालिकाले थालेको अभियानको क्रममा एमाले र साहबीचको द्वन्द्व उत्कर्षमा पुगेको थियो । त्यसपछि पनि बेलाबखत नेकपा एमालेका नेताहरू र मेयर साहबीच वाकयुद्ध चलिरहेको छ । एमालेका अन्य नेताभन्दा एक कदम अगाडि सरेर पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली नै बालेन साहविरुद्ध सार्वजनिक रूपमै अभिव्यक्ति दिँदै आउनुभएको छ । प्रधानमन्त्रीसमेत रहनुभएका एमालेका अध्यक्ष केपी शर्मा ओली र महानगर प्रमुख बालेन साहबीच सार्वजनिक रूपमै आरोप-प्रत्यारोप चल्ने गरेको छ । केही समययता शान्त जस्तो देखिएको दुई पक्षबीचको आरोप-प्रत्यारोप शुक्रबारदेखि पुनः सुरु भएको छ ।

नेकपा एमालेले शुक्रबार काठमाडौंको दरबारमार्गमा आयोजना गरेको जागरण सभाले प्रदूषण गरेको भन्दै काठमाडौं महानगरपालिकाले एमालेलाई एक लाख रुपैयाँ जरिवाना गराएपछि दुई पक्षबीच पुनः वाकयुद्ध सुरु भएको हो । काठमाडौं महानगरका मेयर बालेन साहले एमालेले दरबारमार्गस्थित खुला सडकमा जागरण सभा गर्ने क्रममा सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण भएको भन्दै एक लाख रुपैयाँ जरिवाना गराएका हुन् । काठमाडौं महानगरका नगर प्रहरी निरीक्षक लीलाराज गाछाको हस्ताक्षरमा एमाले पार्टी कार्यालयका नाममा प्रेषित पत्रमा भनिएको छ, 'प्रस्तुत विषयमा मिति २०८१ मंसिर ७ गते काठमाडौं महानगरपालिका वडा नं. १ दरबारमार्गस्थित खुला सडकमा जागरण सभा गर्ने क्रममा सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरेकाले तपाईंलाई फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम रु.१००,०००/०० अक्षरुपी एक लाख जरिवाना गरिएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।'

यसअघि, महानगरले गत वर्ष चैतमा राप्रपाले भृकुटीमण्डपमा कार्यक्रम गर्दा फोहोर गरेको र ट्राफिक आइल्याण्डमा क्षति पुगेको भन्दै क्षतिपूर्ति र मर्मत खर्चबापत पाँच हजार २२२ रुपैयाँ तिराउने निर्णय गरेको थियो । मेयर साहले एक लाख रुपैयाँ जरिवाना गरेपछि नेकपा एमालेका शीर्ष नेताहरू नै मेयर साहमाथि खनिएका छन् । पार्टीलाई जरिवाना गरेपछि एमालेले संस्थागत रूपमै प्रतिक्रिया दिएको छ ।

### एक लाख जरिवानाको कुनै औचित्य छैन : एमाले

नेकपा एमालेले काठमाडौं महानगरपालिकाले एक लाख रुपैयाँको जरिवाना तोक्नुको कुनै औचित्य नभएको बताएको छ । महानगरले हतार हतारमा जरिवानाको पत्र सार्वजनिक गरे पनि त्यसको कुनै औचित्य नभएको जिकिर गर्दै एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भन्नुभयो, 'जनजागरण सभा कार्यक्रम सकिएलगत्तै हाम्रो स्वयंसेवकहरूले सबै व्यवस्थापन भइसकेको छ । हाम्रो तर्फबाट भएको फोहोर सबै सफा गरिसकेका छौं । हामीले फोहोर हटाइसकेपछि त्यो पत्रको के औचित्य हुन्छ ? त्यो पत्रको कुनै अर्थ छैन । त्यो प्रतिशोधपूर्ण भयो भन्ने हाम्रो बुझाइ छ । अब हेरौं कसरी अगाडि बढ्छ ।'

### एसपिपी सम्झौता गर्ने, बिआरआई रोक्ने षड्यन्त्र : विप्लव




नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव नेत्रविक्रम चन्द विप्लवले प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार ढल्दैन भन्ने बाहेकको अरू कुनै काम नभएको टिप्पणी गर्नुभएको छ । पार्टी पुनर्गठन दिवसको अवसरमा शनिबार काठमाडौंमा आयोजित जनसभालाई सम्बोधन गर्दै महासचिव विप्लवले भन्नुभयो, 'हिजो प्रचण्डजी प्रधानमन्त्री हुनुहुन्थ्यो, उहाँ दिनदिनै यो सरकार ढल्दैन भन्नुहुन्थ्यो । अहिले केपीजी प्रधानमन्त्री हुनुहुन्छ । उहाँ पनि अहिले यो सरकार ढल्दैन भनेर भनिराख्नु भएको छ ।

उहाँको काम नै त्यही मात्रै छ ।' अहिले एमसिसीपछि एसपिपी सम्झौता गर्ने षड्यन्त्र भइरहेको समेत आरोप लगाउँदै उहाँले भन्नुभयो, 'एसपिपी सम्झौता गर्ने षड्यन्त्र गर्ने अनि चीनले अघि सारेको बिआरआई परियोजना चाहिँ ल्याउन दिनुहुँदैन भन्ने, जसरी पनि रोक्नुपर्छ, ऋणको पासो हो भनेर भ्रम छर्ने, अनि विदेशी सेना ल्याउने सम्झौता चाहिँ जसरी पनि पास गर्ने खेल चलिरहेको छ ।'

महासचिव विप्लवले नेपालमा भ्रष्टाचारको महारोग कोरोना भाइरस जस्तै फैलिएको समेत बताउनुभएको छ । वडादेखि केन्द्रसम्म नै भ्रष्टाचार बढ्दै गएको जिकिर गर्दै विप्लवले भन्नुभयो, 'नेपालमा भ्रष्टाचारको महारोग कोरोना भाइरस जस्तै फैलिएको छ । पुराना पार्टी एकले अर्कालाई भ्रष्टाचारीको आरोप लगाएका छन् । म भ्रष्टाचारी होइन । मैले विदेशमा पैसा लुकाएको छैन जस्ता प्रष्टिकरण मात्रै दिएको देखिन्छ । म अन्यायमा परेको मात्रै सुनिन्छ । भ्रष्टाचारको ठूलो आतंक छ । माथिबाट बजेट जान्छ सबै बाँडेर खान्छन् । वडादेखि केन्द्रसम्म भ्रष्टाचार बढ्दै गएको छ ।' उहाँले सत्तारूढ दलका मान्छेहरूले नक्कली खोर देखाएर करोडौं रुपैयाँ खाइरहेको तर वास्तविक किसानले भने कुनै पनि सुविधा नपाएको समेत टिप्पणी गर्नुभएको छ ।

### मेयर बालेन एमालेविरूद्ध परिचालित छन् : पोखरेल



नेकपा एमालेका महासचिव शंकर पोखरेलले काठमाडौं महानगरपालिकाका मेयर बालेन साह एमालेविरुद्ध परिचालित रहेको आरोप लगाउनुभएको छ । एमालेको जागरण सभाका कारण दरबारमार्गमा फोहोर भएको भन्दै महानगरले एमालेलाई एक लाख रुपैयाँ जरिवाना गरेपछि फेसबुकमा स्टाटस लेख्दै महासचिव पोखरेलले भन्नुभयो, 'अनुरोधलाई स्वीकार गरेर सहयोग गर्नुको साटो फोहोर गरेको भनेर

» पृष्ठ २ मा क्रमशः

### बालेन साहले एमालेसँग एक लाख भिख मागे : बस्नेत



पूर्व-मन्त्रीसमेत रहनुभएका नेकपा एमालेका नेता महेश बस्नेतले काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले नेकपा एमालेबाट एक लाख भिख मागेको आरोप लगाउनुभएको छ । काठमाडौं महानगरपालिकाले एमालेलाई एक लाख जरिवाना तिराउने निर्णय गरेलगत्तै बस्नेतले सामाजिक सञ्जाल फेसबुकमार्फत एमालेबाट एक लाख भिख मागेको आरोप लगाउनुभएको हो । नेता बस्नेतले बालेनले गरेको सो निर्णयलाई सकारात्मक र नकारात्मक कोणबाट हेर्न सकिने भन्दै लेख्नुभएको छ, 'बालेनद्वारा पालित पोषित

» पृष्ठ २ मा क्रमशः

### एमालेले जस्तै सडकमा मञ्च बनाएर सभा गर्न पाउनुपर्छ : साह



आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले सडकमा मञ्च बनाएर प्रधानमन्त्री केपी शर्मा ओलीले अराजकता फैलाएको आरोप लगाउनुभएको छ । काठमाडौंमा प्रदर्शनका साथै अति व्यस्त दरबारमार्गमा सभा गरेर प्रधानमन्त्री ओलीले अराजकता फैलाएको आरोप लगाउँदै साहले भन्नुभयो, 'के सडक सभा गर्नका लागि हो ? हाम्रो पार्टीले पनि सडकमा मञ्च बनाएर सभा गर्न किन नपाउने ? यदि तपाईंलाई चल्नै गाह्रो हो भने प्रधानमन्त्रीजी सिंहदरबारमा, बालुवाटारमा बसेर बालकोट जस्तै तमासा देखाउन पाईंदैन । तपाईं बालकोटमा जानुस्, बार्दलीबाटै तमासा देखाउनुस् ।'

### दरबारमार्गको कारोबारमा करोडौं क्षति भएको दाबी

नेकपा एमालेले शुक्रबार आयोजना गरेको जागरण सभाका कारण दरबारमार्ग क्षेत्रका विभिन्न व्यापार व्यवसायले करोडौंको क्षति व्यहोर्नुपरेको आरोप लागेको छ । दरबारमार्ग विकास बोर्डका अध्यक्ष सञ्जीव तुलाधरका अनुसार शुक्रबार त्यहाँ सञ्चालित अति सामान्यदेखि उच्च लगानीका सबै व्यवसाय ठप्पप्रायः हुन पुग्यो ।

फलतः पाँच करोडभन्दा माथिको व्यापारिक कारोबारमा असर गर्न पुगेको दाबी गर्दै तुलाधरले भन्नुभयो, 'हामीले एमालेका नेताहरूलाई यहाँ कार्यक्रम नगरिदिनुस् भनेर धेरैचोटि अनुरोध गरेका थियौं, तर उहाँहरूले मान्दै मान्नुभएन । पार्टीपिच्छेका कार्यक्रमका लागि दरबारमार्ग जस्तो व्यापारिक क्षेत्र ठप्प पार्ने काम प्रधानमन्त्रीज्यूकै पार्टीले गर्नुहुँदैनथ्यो ।' एमाले सभाकै कारण दरबारमार्गमा अन्य शुक्रबार हुने गरेको व्यापार यो शुक्रबार करिब ७० प्रतिशतले घाटामा गएको व्यापारीहरूको दाबी छ ।

## धरहरा चढ्न आजदेखि शुल्क तिर्नुपर्ने

### विद्यार्थी र ज्येष्ठ नागरिकलाई आधा छुट



- २५ तला, ९२.२५ मिटर उचाइ
- धरहराको इतिहास
- विकास समितिमार्फत निजी क्षेत्रलाई जिम्मा दिइने

**डिबी शर्मा/हिटा**

काठमाडौं, ८ मंसिर

अब धरहरा चढ्न शुल्क तिर्नुपर्ने भएको छ । सरकारले सःशुल्क रूपमा धरहरा सञ्चालन गर्न स्वीकृति दिएसँगै आज (आइतबार)देखि धरहरा चढ्न शुल्क तिर्नुपर्ने भएको हो । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले हाललाई शुल्क लिएर धरहरा सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरेको थियो । विशिष्ट संरचना सञ्चालन र व्यवस्थापन विकास समिति गठन आदेश २०८१ बमोजिम धरहरा सञ्चालन नहुँदासम्म हाललाई सर्वसाधारणका लागि २०० रुपैयाँ शुल्क तोकिएको छ । सहरी विकास मन्त्रालयको प्रस्तावअनुसार धरहरा चढी अवलोकन गरेको प्रतिव्यक्ति शुल्क स्वदेशीलाई २००, सार्क मुलुकलाई ५००, सार्क मुलुकबाहेक अन्य मुलुकका नागरिकलाई एक हजार तोकिएको छ ।

साथै धरहरा स्तम्भमा राष्ट्रिय महत्त्वका विज्ञापन शुल्क व्यावसायिक बाहेकका प्रतिघण्टा पाँच हजार,

» पृष्ठ २ मा क्रमशः

**हिमालय टाइम्स | चसक्क!**




महेश बस्ताकोटी






## असल आचरण भएका २८५ कैदीबन्दीलाई जेलबाहिर राखिने

**नारायण भण्डारी/हिटा**

काठमाडौं, ८ मंसिर

संघीय प्रोवेशन तथा प्यारोल बोर्डको शुक्रबारको बैठकले २८५ जना कैदीबन्दीलाई प्यारोलमा राख्न सिफारिश गरेको छ । महान्यायाधिवक्ता रमेश बडालको अध्यक्षतामा सम्पन्न भएको बैठकले कारगार व्यवस्थापन विभागबाट फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ दफा ३८ बमोजिम असल चालचलन भएका कैदीबन्दीलाई प्यारोलमा राख्न बोर्डसमक्ष प्रस्ताव पेस भएबमोजिम उक्त सिफारिश गरेको हो । महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता सूर्यराज दाहालका अनुसार प्यारोल भनेको असल चालचलन भएका कैदीबन्दीलाई जेलबाहिर बस्न दिइने कानुनी व्यवस्था हो ।



उक्त ऐनअनुसार एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाइभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छ । यो जेलबाहिर स्वतन्त्र समाजमा बस्ने छुट दिनसक्ने व्यवस्था हो तर पूर्ण रूपमा स्वतन्त्र भने हुँदैनन् । कसुरदारले तोकेको कैद सजायको दुईतिहाइ अवधि भुक्तान गरेपछि बाँकी सजाय असल आचरणमा रही स्वतन्त्र समाजमा बसेर पूरा गर्न पाइन्छ । तर, प्यारोलमा छुटेकाहरू पूर्ण रूपमा स्वतन्त्र हुने छैनन् । उक्त ऐनले जन्मकैदको सजाय पाएका, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना वा क्रूर वा अमानवीय व्यवहारसम्बन्धी कसुर, मानवता विरुद्धको अपराध र राज्यविरुद्धको अपराधमा सजाय पाएकाहरूलाई प्यारोलमा राख्न बन्देज लगाएको छ ।

सरकारले चालचलन राम्रो भएका कैदीलाई जेलबाहिर बस्न दिने कानुनी व्यवस्था कार्यान्वयनमा गत वर्षको कात्तिक १ गतेदेखि ल्याएको हो । १ भदौ २०७५ सालदेखि लागू भएको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा भएको प्यारोलसम्बन्धी व्यवस्था पाँच वर्षपछि कार्यान्वयनमा ल्याउने निर्णय

» पृष्ठ २ मा क्रमशः

## नाममा मात्रै सीमित बागलुङका खानी



**डम्मर बुढा मगर/हिटा**

बागलुङ, ८ मंसिर

चारैतिर अग्ला पहाड । कतै खोँच त कतै समथर जमिन । बस्तीनजिकै जंगल । जुन ठाउँ बागलुङ तमानखोला गाउँपालिका-६ मा पर्ने नर्जाखानी गाउँ हो । नर्जाखानी जिल्लाकै सबैभन्दा उच्च स्थानमा रहेको बस्ती हो । जिल्ला सदरमुकामदेखि नर्जाखानी पुग्न कैयौं भीर, पहरा र जंगार पार गर्नुपर्छ । गाउँमा धेरै सम्भावना हुँदाहुँदै पनि विकासले गति लिन नसक्दा अहिले पनि नर्जाखानी दुर्गम गाउँकै रूपमा चिनिनु परेको छ । बस्तीदेखि जंगलसम्म जताततै तामाखानी छन् । तर, उत्खनन हुन नसक्दा नर्जाखानीवासी टुकी

» पृष्ठ २ मा क्रमशः

# जुम्लाका आठवटै स्थानीय तह साक्षर घोषणा




**विजय रावत/हिटा**

जुम्ला, ८ मंसिर

जुम्लाका आठवटै स्थानीय तह साक्षर घोषणा भएका छन् । जिल्लामा एक नगरपालिकासहित सातवटा गाउँपालिका एकसाथ साक्षर घोषणा भएका हुन् । साक्षरताका १२ सूचकमध्ये अधिकांश सूचकहरू पूरा गरेपछि यहाँका सबै स्थानीय तहलाई साक्षर घोषणा गरिएको जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले जानकारी दिनुभयो ।

गत भदौ २१ गते हिमा गाउँपालिका पहिलो साक्षर पालिकाका रूपमा घोषणा भएको थियो । तथ्यांक अनुसार सबैभन्दा बढी चन्दननाथ नगरपालिकामा ९८ दशमलव ९१ प्रतिशत नागरिक साक्षर छन् । सबैभन्दा कम तिला गाउँपालिकामा ९५ दशमलव ४ प्रतिशत नागरिक साक्षर छन् । कनकासुन्दरी गाउँपालिकामा ९७ प्रतिशत, सिंजामा ९६ दशमलव ५, तातोपानीमा ९५ दशमलव ७७, गुठिचौरमा ९५ दशमलव ७३, हिमामा ९५ दशमलव ७२ र पातारासीमा ९५ दशमलव २४ प्रतिशत नागरिक साक्षर रहेको स्थानीय तहको शिक्षा शाखाले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ ।

साक्षरताका १२ वटा सूचकमध्ये ६ वटा सूचक पूरा गर्ने पालिकालाई साक्षर पालिका घोषणा गर्ने प्रावधान रहेको छ । जिल्लाको ६० वटै वडामा बस्तीहरूमा साक्षर संख्याको खोजी गरिएको थियो । साक्षरता पालिका घोषणाको लागि राष्ट्रभाषा वा मातृभाषाका वर्ण अक्षरको पढाइ तथा लेखाइ गर्नसक्ने, मूल्यसूची र बिल पढ्न सक्ने, परिवारको सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने, मोबाइल र क्यालकुलेटरका अंक र अक्षर चिनेर प्रयोग गर्न सक्ने, शून्यदेखि ९ सम्मका अक्षर र अंक लेख्न र चिन्न सक्ने जस्ता सूचकहरू पूरा भएपछि पालिकालाई साक्षर घोषणा गरिएको तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाको भनाइ छ ।

सिंजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले लामो समयको मेहनत र लगाव पछि जुम्ला साक्षर जिल्ला घोषणाको मार्ग खुलेको बताउनुभयो । अब हरेक पालिकाले साक्षर बाहेकका निरीक्षण जनशक्तिलाई साक्षर बनाएर शतप्रतिशत साक्षर नागरिक बनाउने योजना तर्जुमा गर्नुपर्ने आवश्यक देखिएको छ । जसका लागि हरेक स्थानीय तह, शिक्षासँग सरोकार राख्ने निकायदेखि स्वयं सर्वसाधारण नागरिक पनि जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्ने देखिएको सिंजा गाउँपालिका अध्यक्ष धितालले जानकारी दिनुभयो ।

# गैरसरकारी संस्थाहरूको बदमासी

**अनिल पोखेल/हिटा**

राजविराज, ८ मंसिर

प्रचलित कानुनविपरीत मधेश प्रदेशमा आफ्नो परियोजना सञ्चालन गर्दै आएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको पोल एकपछि अर्को गर्दै खुल्न थालेको छ । वेल्थ हंगर हिलफी नामक एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको तीनवटा पालिकामा कृषि, पोषण, आयआर्जन, स्थानीय शासनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न समाज कल्याण परिषद्बाट अनुमति लिएको परिषद्को रेकर्डमा देखिन्छ । तर, उक्त संस्थाले मधेश प्रदेशका सप्तरी, सिरहा र रौतहटका विभिन्न पालिकामा कार्यक्रम सञ्चालन गर्दै आएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको छाता संगठन एआइएनको मधेश प्रदेश सरकारलाई बुझाएको प्रतिवेदनमा उल्लेख छ ।




मधेश प्रदेशको लागि संस्थाको सम्पर्क व्यक्ति दीपेन्द्र चौधरीसँग संस्थासम्बन्धी थप सूचना लिन पटक- पटक सम्पर्क गर्दा पनि उहाँ सम्पर्कमा आउन चाहनुभएन । उक्त संस्थाले सप्तरीका पाँच, सिरहाको चार र रौतहटको एउटा स्थानीय तहमा साझेदारको सहयोगमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । सिरहाको गोलबजार नगरपालिकामा वेल्थ हंगर हिलफी, केयर नेपाल, दाइ ग्लोबल युके र सप्तरीको सप्तकोशी नगरपालिकामा केयर नेपाल लगायतका अन्तर्राष्ट्रिय गैससको कार्यक्रम सञ्चालनमा रहे पनि दुवै नगरपालिकाले झुठो सूचना र विवरण उपलब्ध गराएका थिए । प्रदेशका १३६ मध्ये वीरगञ्ज महानगरपालिका, जितपुर सिमरा, कलैया उप-महानगरपालिकालगायत १२० वटा स्थानीय तहले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी सूचना दिन इच्छा देखाएका छैनन् ।

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति २०७६ को दफा ४.३.३ अनुसार अन्तर्राष्ट्रिय गैससबाट प्रदेश अन्तर्गतका एक भन्दा बढी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन प्रदेश सरकारले गर्ने । त्यसैगरी दफा ४.४.२ मा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन सम्बन्धित जिल्ला समन्वय समितिले गर्ने भनि उल्लेख भए पनि नियामक निकाय आफ्नै भूमिकाको सम्बन्धमा जानकार छ कि छैन त्यो पनि प्रष्ट छैन अभियन्ता महेन्द्र सदाको कथन छ ।

## फौजदारी कार्यविधि...

« पृष्ठ १ बाट क्रमश:

विषयमा सर्वोच्च अदालतले नियम बनाउन सक्ने व्यवस्था छ । त्यही व्यवस्थाअन्तर्गत सर्वोच्चका सबै न्यायाधीश सम्मिलित पूर्ण बैठकको निर्णयमा कानुन व्यवसायीहरूले प्रश्न उठाएका हुन् ।

नेपालको संविधानको धारा २० मा असमर्थ पक्षलाई नि:शुल्क कानुनी सहायताको हक सुनिश्चित गरिएको छ । त्यो हकले कानुन व्यवसायीको सुविधा मात्रै नभई दण्ड, जरिवाना र बिगो तिर्न र बुझाउन नसक्नेलाई पुनरावेदन गरी आफूमाथिको अभियोग र सजायमाथि न्यायिक परीक्षण गर्न पाउने हक सुनिश्चित गरेको भन्दै कानुन व्यवसायीहरूले नियमावलीमा भएको बाध्यकारी व्यवस्था खारेज हुनुपर्ने माग गरेका छन् ।

उनीहरूले रिट निवेदनमा भनेका छन्, 'धरौटी राख्न नसक्ने व्यक्तिको हकमा सरल तरिकाबाट प्रक्रियागत व्यवधान र अड्चन सिर्जना नगरी पुनरावेदन गर्न दिलाउनु भनी आदेश जारी गरी पाऊँ ।'

उनीहरूले मुद्दाको सुरुमै राखेको धरौटी वा जमानतलाई नै आधार बनाएर पुनरावेदन गर्न दिनुपर्ने भनेका छन् । 'पुनरावेदन गर्नु भनेको आफूलाई लागेको जरिवाना, बिगो वा कैदलाई चुनौती दिएर माथिल्लो अदालतबाट न्यायिक परीक्षण होस् भन्नु नै हो,' उनीहरूले निवेदनमा भनेका छन्, 'जुन कुरालाई चुनौती दिएर न्यायिक परीक्षणमा लगिन्छ सोही दण्ड, जरिवाना, बिगो तिर्नु, बुझाउनुपर्ने विषय सामान्य विवेकले समेत समर्थित हुन सक्दैन ।'

नियमावलीले मुद्दाको पुनरावेदन गर्न खोज्नेलाई आर्थिक व्यवधान गरेर पुनरावेदन गर्न नसक्ने अवस्था सिर्जना गरेको भन्दै कानुन व्यवसायीहरूले त्यसबाट आर्थिक रूपमा सम्पन्न र विपन्नहरूबीच विभेद भएको जिकिर गरेका छन् । यसअघिको मुलुकी ऐनमा पुनरावेदन गर्नेहरूको हकमा सुरु अदालतले मागेको जमानत वा धरौटीमा २५ प्रतिशतसम्म बढी धरौटी मागेर पुनरावेदन गर्न दिने व्यवस्था थियो ।

त्यतिबेलाको कानुनी व्यवस्थाअनुसार नै मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ मा व्यवस्था गरिएकोमा त्योभन्दा कसिलो प्रावधान राखेर धरौटी बुझाउन नसक्नेलाई थुनामा राखेर पुनरावेदन गर्ने सुविधा दिन खोजिएको कानुन व्यवसायीहरूको जिकिर छ ।

'विधायिकाले मात्रै अपराधको परिभाषा गर्ने र दण्ड जरिवाना निर्धारण गर्ने कार्य गर्दछ' उनीहरूले निवेदनमा भनेका छन्, 'नियमावलीको माध्यमबाट ऐनमा नभएको र ऐनसँग बाझिने तथा न्यायमा पहुँचको संवैधानिक अधिकारलाई सीमित गर्ने व्यवस्था गैरकानुनी र असंवैधानिक छ ।'

अदालतको काम कारबाहीको प्रकृति नियमनकारी र दण्डनीय चरित्रको नहुने भन्दै कानुन व्यवसायीहरूले आफैँले प्रतिपादन गरेका सिद्धान्तसमेत प्रतिकूल हुनेगरी नियमावली बनाएर नागरिकहरूको हक कुण्ठित गर्न नपाइने जिकिर गरेका छन् ।

## मेयर बालेन...

« पृष्ठ १ बाट क्रमश:

जरिवानाको प्रचार गरियो मेयरको निर्देशनमा । जतिबेला महानगरका नाममा जरिवाना पर्चा सार्वजनिक गरियो त्यतिबेला स्वयंसेवकहरू कार्यक्रम थलोमै फोहोर संकलन गरेर गाडीमा राख्दै थिए । मञ्च र मञ्चमा प्रयोग गरिएका सामग्री हटाउने काम सँगसँगै जारी नै थियो ।'

जरिवाना गराउने निर्णयलाई मेयर बालेनको स्टण्टबाजी भएको आरोप लगाउँदै महासचिव पोखरेलले भन्नुभएको छ,'नेकपा एमाले पार्टी आफ्नो कार्यक्रमपछि कार्यक्रम स्थल सफा गर्दछ भन्ने कुरा हेक्का भएन मेयर बालेनलाई । जागरण सभा यस प्रकारका स्टण्टबाजी गर्नेहरूलाई सचेत बनाउनका लागि पनि हो ।'

## बालेन साहले...

« पृष्ठ १ बाट क्रमश:

एउटा नगर प्रहरीले एमालेलाई एक लाख जरिवाना तिराउने निर्णय गरेछ । यसलाई दुई यंगलबाट हेर्न सकिन्छ । सकारात्मक: काठमाडौंमा हुने सयौं जुलुस सभाभन्दा एमालेको सभा अभूतपूर्व भयो जसकारण सफा गर्नको लागि मात्रै पनि बालेनलाई एक लाख भिख माग्न पऱ्यो । नकारात्मक: बालेनलाई यति धेरै एमाले फोबिया छ कि कुन दिन एउटा दन्ते कथामा ज्योतिषले बाघको आक्रमणबाट मर्छ भनिएको राजकुमार कोठाको कोठै थुनेर राख्दा पनि उक्त बालक उक्त राजकुमार वनको बाघले होइन किताबमा भएको बाघको चित्र हेरेर मृत्युवरण गरेको जस्तै बालेन पनि एमाले हेरेरै एमालेसँग डराएर सकिने अवस्थामा पुगेको छ ।'

## असल आचरण...

« पृष्ठ १ बाट क्रमश:

भएको थियो ।

### के हो प्यारोल ?

कसुरदारले आफूलाई तोकेको सजायको केही अवधि कैदखानामा भुक्तान गरिसकेपछि बाँकी सजाय असल आचरणमा रही स्वतन्त्र समाजमै बसेर पूरा गर्ने पद्धति नै प्यारोल हो । प्यारोलमा छुटेको व्यक्ति पूर्ण स्वतन्त्र भने हुँदैन । यसमा कैदीले प्यारोल अधिकारीको नियन्त्रण र निर्देशनमा रहनुपर्छ । यसमा तोकिएको सर्त उल्लंघन भएमा अपराधीलाई कैदमा फिर्ता बोलाइन्छ । अत: प्यारोलमा छुटेको मानिस समाजमा स्वतन्त्र रूपमा बस्न त पाउँछ तर उसको सजाय छुटिसकेको हुँदैन । खराब आचरण गरेमा उसलाई तुरुन्त कैदमा फिर्ता बोलाउन सकिन्छ । कसुरदारलाई समाजमै राखेर दण्ड भोगाउने यो आधुनिक दण्ड पद्धति हो । जुन व्यवस्था हाम्रो दण्डनीतिसम्बन्धी कानुन फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा छ । जसअनुसार एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुईतिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित जिल्ला प्रोवेसन तथा प्यारोल बोर्डको सिफारिशमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्नेछ ।

केही प्रकृतिका कसुर, जस्तै- जन्मकैदको सजाय पाएको, भ्रष्टाचारको कसुरमा सजाय पाएको, जबरजस्ती करणीको कसुरमा सजाय पाएको, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरमा सजाय पाएको, संगठित अपराधसम्बन्धी कसुरमा सजाय पाएको, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सजाय पाएको, यातना वा क्रूर, निर्मम, अमानवीय वा आपमानजनक व्यवहारसम्बन्धी कसुरमा सजाय पाएको, मानवता विरुद्धको अपराधसम्बन्धी कसुरमा सजाय पाएको, राज्यविरुद्धको अपराधसम्बन्धी कसुरमा सजाय पाएको कसुरदारलाई भने प्यारोलमा विचार हुन नसक्ने गरी बन्देज लगाइएको छ । यो बन्देज लगाउनुमा कुनै वैज्ञानिक कारण भने देखिँदैन । कैदीको कार्यप्रगति र निजबाट समाजलाई हुने खतरा अनि त्यसमा जोडिएको सामाजिक आक्रोश समेतलाई प्रत्येक मुद्दामा प्यारोल बोर्डबाट पृष्ठभूमिसहित अध्ययन हुने भएकाले ऐनमा नै यसरी बन्देज राखिराख्नु पर्दैन । आखिर प्यारोलमा छुट्नु भनेको कैद सजायबाट मुक्त हुनु पनि होइन । सर्तसहित कैदबाट रिहाइ हुनु मात्र हो । यो दण्ड र सुधार दुवैमा सन्तुलन राख्न खोज्ने व्यवस्था हो । कैदखानामा भिडभाड हुन नदिनु यस प्रणालीको विशेषता हो ।

**आज वि.सं २०८१ मंसिर ९ गते आइतबार, ई.स. २०२४ नोभेम्बर २४, तिथि- मार्ग कृष्णपक्ष नवमी, पूर्वफाल्गुनी- नक्षत्र, वैधृति- योग, तैतिल- करण, चन्द्रराशि- सिंह, सूर्योदय- ६:३३, सूर्यास्त- १७:०७ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : बन्दव्यापार र पेसाबाट नोक्सानी बेहोर्नुपर्ने देखिन्छ ।
वृष : तर्क, बहस र वादविवादको स्थिति सिर्जना हुनसक्छ ।
मिथुन : प्राज्ञिक र बौद्धिक क्षमता बढाउनु राम्रो हुन्छ ।
कर्कट : प्रतिफल प्राप्त नहुने क्षेत्रमा निरर्थक लगानी हुने भय छ ।
सिंह : सिर्जनात्मक क्षेत्रमा समय र धन लगानी गर्ने समय आएको छ ।
कन्या : जीवनसाथीका बीचमा मनोमालिन्य हुन सक्छ ।
तुला : हाँकेका, ताकेका काम सम्पन्न हुन थाल्नेछन् ।
वृश्चिक : मन आनन्दप्राप्तिका लागि आकर्षित बन्नेछ
धनु : एक्लोपन र निराशाले सताउनेछ ।
मकर : प्रतिफल प्राप्त नहुने क्षेत्रमा निरर्थक लगानी हुने भय छ ।
कुम्भ : परोपकारका क्षेत्रमा खट्दा मनमा आनन्दको अनुभूति हुनेछ ।
मीन : खर्च बढे पनि घरायसी सुखसुविधाका सामाग्रीको जोहो हुनेछ ।

## धरहरा चढ्न...

« पृष्ठ १ बाट क्रमश:

धरहरा परिसरमा व्यावसायिक भिडिओ छायांकन शुल्क प्रतिघण्टा पाँच हजार, फोटोग्राफीका लागि एक हजार शुल्क तोकिएको छ । यस्तै, सहरी विकास भवन निर्माण तथा आवास विभागले धरहरा परिसर प्रवेश शुल्क ५० रुपैयाँ तोकेको छ ।

चारपांग्रे सवारी साधनको लागि २० रुपैयाँ र दुई पांग्रेको लागि १० रुपैयाँ पार्किङ शुल्क तोकेको छ । यसअघि धरहरामा काठमाडौं महानगरपालिकाले नि:शुल्क रूपमा पार्किङ उपलब्ध गराउँदै आएको थियो । अब भने धरहरामा पार्किङ गर्दा शुल्क तिर्नुपर्ने भएको हो । जहाँ २४४ गाडी र सात सय ४४ मोटरसाइकल पार्किङ गर्न सकिनेछ । धरहरा प्रवेश गर्दा लाग्ने शुल्कमा विद्यार्थी र ७० वर्ष कटेका ज्येष्ठ नागरिकलाई आधा छुट दिने निर्णयसमेत भएको छ । १० वर्ष मुनिका बालबालिका शुल्क नलाग्ने भएको छ । काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन)ले धरहरा सञ्चालन र व्यवस्थापनको जिम्मा महानगरलाई दिन आग्रह गरे पनि संघीय सरकारले यसलाई अस्वीकार गरेको हो ।

यसअघि, गत असोज ३ गतेबाट नौ वर्षपछि सर्वसाधारणका लागि धरहरा खुला गरिएको थियो । १२ वैशाख ०७२ को महाभूकम्पले ढलेको धरहरा (भीमसेन स्तम्भ)को छेवैमा अर्को उस्तै धरहरा बनेसँगै सर्वसाधारणका लागि प्रवेश खुला गरिएको थियो । असोज ३ गतेदेखि शनिबारसम्म सर्वसाधारणले नवनिर्मित धरहरा नि:शुल्क रूपमा चढिरहेका थिए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तीन वर्ष (वैशाख ०७८) अघि धरहराको उद्घाटन गर्नुभएको थियो । तर, धेरै काम बाँकी भएकाले धरहरा खुलेको थिएन ।

धरहरा परिसरमा रहेको ठुटे धरहरा (पुरानो) र सुन्धारा भने अझै पुनर्निर्माण सकिएको छैन । २०७५ साल असोज १४ गते धरहरा क्षेत्रका संरचना निर्माणका लागि निर्माण व्यवसायीसँग तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सम्झौता गरेको थियो । चिनियाँ निर्माण कम्पनी जिआइटिसी/रमण जेभीले धरहरा क्षेत्रका संरचनाको निर्माण गरेको हो । २०७४ साल कात्तिक २७ गते मन्त्रिपरिषद् बैठकले धरहरा पुनर्निर्माणको जिम्मेवारी प्राधिकरणलाई दिने निर्णय गरेको थियो ।

### २५ तला, ९२.२५ मिटर उचाइ

धरहरा टावर बाहिरबाट हेर्दा ११ तलाको देखिए पनि भित्र जमिनमुनि दुई तलाको भूमिगत संरचना बनेको छ । जमिनमाथि भुइँतलासहित २३ तलाको धरहरा ठडिएको छ । समग्रमा धरहरा २५ तलाको बनेको छ । जमिन माथिबाट गजुरसहित धरहराको उचाइ ८३.८५ मिटर छ । भूमिगत तलासहित ९२.२५ मिटर हुन्छ । धरहराभित्र दुईवटा लिफ्ट राखिएको छ । लिफ्टमा एकपटकमा १० जनाले यात्रा गर्न सक्छन् । लिफ्टका कारण वृद्धवृद्धा तथा अपांगता भएकालाई धरहरा चढ्न सहज हुनेछ । धरहरामा फलामको भऱ्याङसमेत जडान गरिएको छ ।

धरहराबाट उपत्यकाको दृश्यावलोकनका लागि २०औँ तला बाहिर २.५ मिटर चौडाइको बार्दलीसमेत बनाइएको छ । २२औँ तल्लामा पुरानो धरहराबाट झिकेर सुरक्षित राखिएको शिवलिंग स्थापना गरिएको छ । २०७२ साल वैशाख १२ गते शनिबार गएको भूकम्पले धरहरा भत्काएको थियो । धरहरा भत्किँदा ६० जनाले जीवन गुमाएका थिए । सयौं मानिस घाइते भएका थिए । धरहरा क्षेत्रमा रहेको ऐतिहासिक सुन्धाराको पनि संरक्षण गरिँदै छ । सुन्धारामा चौबिसै घण्टा पानी आउने व्यवस्था मिलाउन लागिएको छ । धरहरा र संग्रहालय जोड्ने आकर्षक आकाशे पुल पनि निर्माण भइरहेको छ ।

### धरहराको इतिहास

१८८२ सालमा महारानी ललिता त्रिपुरासुन्दरीको आज्ञामा नेपालका पहिलो प्रधानमन्त्री भीमसेन थापाले ६१.८८ मिटर अग्लो ११ तले धरहरा बनाउन लगाएको इतिहास छ । विसं १९१३ मा बज्र (चट्याङ)ले भत्केपछि १९२३ सालमा धरहराको जीर्णोद्धार गरिएको थियो । १९९० साल माघ २ गतेको भूकम्पले भत्किएको धरहरा दुई वर्षपछि तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरको शासनकालमा पुनर्निर्माण भएको थियो । पुनर्निर्माणका क्रममा ११ तले धरहरालाई नौ तल्लामा सीमित गरिएको थियो । यो धरहराभन्दा अघि विसं १८८१ मा थापाले नै लगनटोलमा आफ्नो नाममा धरहरा निर्माण गर्नुभएको थियो । जसको नाम पनि भीमसेन स्तम्भ नै राखिएको थियो । विसं १८९० मा भत्किएपछि लगनटोलको धरहरा पुनर्निर्माण नभएको ऐतिहासिक दस्तावेजमा उल्लेख गरिएको छ ।

### विकास समितिमार्फत निजी क्षेत्रलाई जिम्मा दिइने

सरकारले विशिष्ट संरचनाहरूको सञ्चालन र व्यवस्थापन निजी क्षेत्रलाई दिने गरी विकास समिति (गठन) आदेश जारी गरेको छ । यसअन्तर्गत गठन हुने समितिले आफूमातहत आएका अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (नयाँ बानेश्वर), सनराइज सभाहल (गोदावरी), बुटवल अन्तर्राष्ट्रिय सभाहल (बुटवल), बुटवल अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र (बुटवल) धरहरा (सुन्धारा), दमक भ्यु टावर (दमक व्यापारिक कम्प्लेक्स) दमकलाई टेण्डरमार्फत चलाउने जिम्मा निजी क्षेत्रलाई दिनेछ । सहरी विकास मन्त्रालयले जारी गरेको विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ अनुसार ती संरचना उक्त समितिलाई सञ्चालन र व्यवस्थापनको जिम्मा हुनेछ । यो गठन आदेश जारी भएसँगै अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१ खारेज भएको छ । जसअनुसार सम्मेलन केन्द्र विकास समितिले गर्ने काम अब विशिष्ट संरचनासम्बन्धी नयाँ समितिले गर्नेछ ।

विशिष्ट संरचना सञ्चालन र व्यवस्थापन गर्ने समितिमा सहरी विकास मन्त्रालयका सचिव अध्यक्ष रहनेछन् । अर्थ मन्त्रालयका सहसचिव, गृह मन्त्रालयका सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव, आवास, भवन तथा योजना महाशाखाका सहसचिव, सहरी विकास तथा भवन निर्माण विभाग महानिर्देशक सदस्य रहने व्यवस्था गरिएको छ । त्यसैगरी, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि र होटेल संघ नेपालको अध्यक्ष सदस्य रहनेसमेत व्यवस्था छ । कार्यकारी निर्देशक सदस्यसचिव रहने व्यवस्था गरिएको छ । समितिको आफ्नो छुट्टै कोष हुनेछ । उक्त कोषमा सरकारबाट प्राप्त रकम, अन्तर्राष्ट्रिय संघसंस्था वा विदेशी सरकारबाट ऋण वा अनुदानबापत प्राप्त रकम, सेवा शुल्कबापत संकलित रकम, अन्य कुनै स्रोतबाट प्राप्त रकम पनि कोषमा हुने व्यवस्था गरिएको छ ।

## नाममा मात्रै...

« पृष्ठ १ बाट क्रमश:

मुनिको अँध्यारो बन्नु परेको छ ।

बारीका काल्ना, घरका करेसादेखि जंगलका बीचमा पनि तामाखानी छन् । वर्षौं अगाडि तामा निकालिएको ठाउँमा अहिले डोबहरू भेटिन्छन् । ठूला-ठूला सुरुङ र खाडलमा झाडी उम्रिएको देखिन्छ । तमानखोला गाउँपालिकामा रहेका धेरै गाउँको नाम पछाडि खानी जोडिएको छ । तमानखोलाभरि खानीखानी हुँदा पनि अहिलेसम्म कुनै पनि स्थानमा उत्खनन थालिएको छैन । नर्जाखानीसहित तमानखोलामा बोङ्गाखानी, खुङ्खानी, बोङ्खानीलगायत धेरै गाउँहरू छन् । जति पनि गाउँको नामको पछाडि खानी जोडिएको छ, ती सबै ठाउँमा सयौं वर्ष अगाडि तामा निकालिएका डोब भेटिन्छन् ।

गाउँमा सयौंको संख्यामा रहेका डोबहरूमा बेला-बेलामा स्थानीयले स-साना तामाका धाउहरू फेला पार्ने गर्छन् । बारीमा भेटिने तामाखानी उत्खनन गर्नका लागि स्थानीयले मागसमेत गर्दै आएका छन् । स्थानीयका अनुसार यस क्षेत्रमा करिब १२० वर्ष अगाडिसम्म तामा निकालिएको पाइन्छ । अन्य गाउँको तुलनामा नर्जाखानीमा धेरै खानी रहेको पाइन्छ । नर्जाखानीका ९५ वर्षीय लालबहादुर छन्त्यालले आफ्नो बाउबाजेका पालासम्म यहाँ खानीबाट तामा निकालेको बताउनुभयो । भीर पहारबाट निकालेको तामा बेचेर अघिल्लो पुस्ताले जीविकोपार्जन गरेको उहाँको भनाइ छ ।

'पहिले-पहिले पहिरोले बारीका काल्ना भत्किँदा पनि तामाका धाउ भेटिन्थे, अहिले पनि तामा जस्ता देखिने वस्तुहरू धेरै नै भेटिने गर्छन्, यहाँ त जता गयो त्यतै खानीको डोबहरू भेटिन्छन्, ठूला-ठूला खाडलहरू पनि देखिन्छ,' छन्त्यालले गाउँ नजिकको भीरलाई देखाउँदै भन्नुभयो, 'ती पारिका भीर पहरा जहाँसुकै खानी छन्, खानीका गणना हुनै सकेका छैनन्, हाम्रा बाउबाजेले उतिबेलाको जमानामा निकै दु:ख गरेर तामा निकाल्नु भएको रैछ ।'

दशकौं अगाडि त्यस क्षेत्रका स्थानीय तामाखानीबाटै आत्मनिर्भर भए पनि अहिले पूर्णरूपमा खानी बन्द छन् । पुराना पाका स्थानीयका अनुसार छन्त्याल जातिले तामा उत्खनन गरेर निकाल्ने, दलित जातिले त्यसको धाउ निर्माण गर्ने र थकाली जातिले खाना व्यवस्थापन गर्ने प्रचलन थियो । तामा निकालेको ठाउँबाहेक नर्जाखानी क्षेत्रमा तत्कालीन समयका नागरिकले बसोबास गरेको ठाउँहरूको भग्नावशेष लगायतका वस्तु भेटिने गरेको तमानखोला गाउँपालिका-६ का अध्यक्ष चित्रहादुर छन्त्यालले जानकारी दिनुभयो । तत्कालीन सरकारले अत्याधिक कर बढाएपछि स्थानीयले तिर्न नसक्दा तामा निकाल्न छोडेको उहाँको भनाइ छ । राणा शासनका तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरको पालादेखि यस क्षेत्रमा तामाखानी बन्द भएको अध्यक्ष छन्त्याल बताउनुहुन्छ । 'हामी सानो हुँदा बुबाले तामाको धाउ निकाल्नुभएको थियो, त्यसमा पूरै तामा थियो, अहिले कसैले पनि निकालेका छैनन्, तत्कालीन सरकारले स्थानीयले निकालेको तामाभन्दा बढी मूल्यको कर बुझाउन भनेपछि हाम्रा बाउ बाजेले तामा निकाल्न छाडेको बुढापाकाहरूले भन्नुहुन्छ, ठ्याक्क एकिन मिति त भएन, तर सय वर्षभन्दा बढी भएको हाम्रो अनुमान छ,' अध्यक्ष छन्त्यालले भन्नुभयो, 'त्यस बेलाको समयमा अहिलेको जस्तो प्रविधि थिएन, धेरै समय लगाएर तामा निकाल्ने काम गर्ने रहेछन्, कर धेरै तिर्न सरकारले ह्वीप जारी गरेपछि छोडेको थिए रे, हामीहरूले अब नयाँ तरिकाले उत्खनन गर्नुपर्छ ।'

स्थानीय तुलबहादुर छन्त्यालले चारैतिर खानीहरू भएको हुँदा गाउँको नाम नै नर्जाखानी भनिएको उहाँको भनाइ छ । उहाँले छन्त्याल जातिलाई 'अनपढ वैज्ञानिक' भन्ने गरिएकाले उनीहरूले माटो सुँघेर तामाखानी पत्ता लगाउने गरेको बताउनुभयो । गाउँभरी तामाखानी भए पनि राज्यको ध्यान जान नसक्दा उत्खनन हुन नसकेको बताउनुभयो । छन्त्यालले आफ्ना पुर्खाहरूले खाली खानीमा मात्रै काम गर्ने गरेको हुँदा खेती गर्नसमेत नजानेको उहाँको भनाइ छ । प्रत्येक ठाउँमा तामाहरू भेटिने र यसको परिणाम कस्तो छ भन्ने विषयमा परीक्षण गर्न जरुरी रहेको छन्त्याल बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'हाम्रा पुर्खालाई 'अनपढ वैज्ञानिक' भन्ने गरिन्छ, उति बेला अहिलेको जस्तो प्रविधिको विकास भएको थिएन, र पनि खानी पत्ता लगाए, उनीहरूले माटो सुँघेर खानीहरू पत्ता लगाउँथे र उत्खनन गर्ने गर्थे, बुढापाकाले भने अनुसार हाम्रा पुर्खा बराजुहरूले खेतीपाती गर्न जान्दैनथे रे, उनीहरूलाई खानीमा गर्ने कामबाहेक अरू आउँदैनथ्यो भन्छन्, उनीहरूको आहार जंगलका पशुपंक्षी हुन्थे रे, गाउँमा बारी खनजोत गर्दा पनि स्थानीयले तामा भेट्टाउने गर्थे, कतिले त भेटाएको तामाबाट गाग्री, ताउलो लगायतका भाँडाकुँडा पनि बनाएका छन् ।'

नर्जाखानीसँगै तमानखोला गाउँपालिका-५ को खुङ्खानीमा पनि धेरै खानी रहेका छन् । यस गाउँ पनि खानी खन्नेहरूकै गाउँका रूपमा लिन्छ । छन्त्याल जातिले बढी खानी खन्ने काम गर्ने गरेको स्थानीयको बुझाइ छ । तमानखोलाको धेरै ठाउँमा छन्त्याल समुदायकै बाहुल्यता रहेको छ । खुङ्खानी वरपर खानी नै खानी भएको हुँदा यस ठाउँलाई खुबैखानी भन्ने गरिकोमा अहिले त्यसको अपभ्रंश भएर खुङ्खानी भन्न थालिएको स्थानीय बुद्धीबहादुर छन्त्यालले बताउनुभयो । खानीलाई व्यवस्थित तरिकाले निकाल्न सके विकास निर्माणमा ठूलो टेवा पुग्ने उहाँ बताउनुहुन्छ । 'पछिल्लो समय खानी उत्खननका लागि धेरै प्रविधिको विकास भएको छ, नयाँ-नयाँ यन्त्र उपकरणहरू आविष्कार भएका छन्, उति बेलाको हाम्रा पुर्खाहरूले वन जंगलमा पाइने बाँस र एउटा निगालोकै भरमा त्यति ठूला-ठूला पहरा काटेर तामा निकाल्नुभएको रैछ, अहिले राज्यले चाह्यो भने खानी उत्खनन गर्न धेरै समस्या छैन' उहाँले भन्नुभयो, 'त्यस बेला छन्त्याल जातिहरू भीर-पहरामा गएर खानी उत्खनन गर्नुहुन्थ्यो रे, उहाँहरूले एउटा निगालोमा आगो बालेर सुरुङभित्र पसेर घण्टौंपछि तामा निकाल्नुभएको कुरा अहिले सुनिन्छ ।'

तमानखोला गाउँपालिका-२ बोङ्खानीका जालप्रसाद छन्त्यालले पहिलेदेखि नै यस क्षेत्रमा जनजाति र दलित समुदायले तामाखानीमा काम गरेको बताउनुभयो । सामान्य घरेलु औजारको प्रयोग गरेर उतिबेला तामा निकाल्ने गरेको उहाँको भनाइ छ । खासगरी खानीभित्रै पसेर सीप भएका छन्त्याल जातिले तामाका धाउ निकाल्ने, विश्वकर्मा जातिले त्यसको प्रशोधन गर्ने र थकाली जातिले बजारीकरण गर्ने गरेको छन्त्याल बताउनुहुन्छ । अहिले आफ्नो घर वरपर अजंगका खानीका सुरुङहरू रहेको उहाँको भनाइ छ । बोङ्खानीमा पश्चिमबाट आएर छन्त्याल जातिहरूले खानी सञ्चालन गरेको उहाँले बताउनुभयो ।

छन्त्यालले भन्नुभयो, 'तमानखोलामा जति पनि खानीहरूको नामबाट गाउँ बनेको छ, त्यहाँ धेरैजसो छन्त्याल समुदायको बाहुल्यता रहेको छ, छन्त्याल जाति र खानीको निकै घनिष्ट सम्बन्ध रहेको छ, पहिला-पहिला हाम्रा अग्रजहरूले खानीबाटै आफ्नो जीविका चलाएका रैछन्, अहिले आएर समय फेरियो, जुग जमाना फेरियो, त्यसले गर्दा खानीहरू पनि बन्द भए, पहिले उत्खनन भएका खानीका थुप्रै अवशेषहरू अझै पनि भेटिन्छन्, फेरि उत्खनन् गर्न थाल्ने हो भने यहाँका नागरिकको जीवनस्तर उकासिने थियो, आयआर्जनको माध्यम बढ्ने थियो भने रोजगार पनि सिर्जना हुने थियो ।'

तमानखोलासहित बागलुङको धेरै ठाउँको नाम खानीबाट बनेका छन् । बागलुङ नगरपालिका-९ तित्याङमा पनि तामाखानी छ । त्यहाँ पनि तामाको कच्चा पदार्थ निकाल्दा ठूलो सुरुङ निर्माण भएको छ । सिसाखानी, पाण्डवखानी, छापाखानी, लाम्मेलाखानी, राङ्खानी, भुङ्खानी, खोलाखानी, फलामखानीलगायत थुप्रै खानीका नाम छन् । जुन ठाउँमा विगतमा खानी रहेको जानकारहरू बताउँछन् । तमानखोलामा अझै बढी खानी रहेको हुँदा स्थानीयले उत्खनन गर्नका लागि माग गर्दै आइरहेका छन् । पहिले खानी रहेको स्थानमा हाल झाडी पलाएर पुरिएको छ ।

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले तमानखोलामा क्षेत्र खानीले घरिएको हुँदा उत्खनन्का लागि केन्द्र सरकारसँग सहकार्य गर्ने बताउनुभयो । गाउँपालिकाभित्रै धेरै खानी भए पनि के कति छन् भनेर यकिन गर्न नसकेको उहाँको भनाइ छ । वडा नम्बर ६ को नर्जाखानीमा रहेको तामाखानी उत्खननका लागि खानी विभागबाट समिति लिएर एउटा विज्ञ टोली अनुसन्धान गरिरहेको उहाँको भनाइ छ । तामाको परीक्षणका लागि नमुना प्रयोगशालामा पठाएको उहाँले बताउनुभयो । भारतका दुई जनासहित चार जनाको विज्ञ टोलीले नर्जाखानीमा अध्ययन गरिरहेको हुँदा अनुसन्धानपछि तामा निकाल्न सकिने सम्भावना बढी रहेको अध्यक्ष बुढा मगर बताउनुहुन्छ ।

# बाँदर आतंकका कारण निराश किसान



मञ्जिता मैनाली/हिटा

हेटौंडा, ८ मंसिर

मकवानपुरको भीमफेदी गाउँपालिकामा करिब तीन वर्षयता बाँदर आतंकले अन्नबालीमा नोक्सानी पुऱ्याएको छ । कृषकको जीवन धान्नका लागि लगाइएको अन्नबाली बाँदरले नष्ट गर्ने गरेको स्थानीयले गुनासो गरेका छन् ।

आफूले लगाएको अन्नबाली दिनदिनै बाँदरले खाने र फाँडेर नष्ट गर्ने गर्नाले किसानहरू निराश बनेका छन् । गाउँघरमा अन्नबाली जोगाउन निकै मुस्किल भएको भीमफेदी-६ का कृष्णबहादुर मगरले बताउनुभयो । मकै, धान, कोदो, फापर, गहुँ, तोरीलगायत तरकारीमा बाँदर लाग्न थालेपछि किसानहरू पनि निराश हुनुपरेको उहाँले बताउनुभयो । 'खेतबारीमा केही राख्न दिँदैन,' मगरले भन्नुभयो ।

दिनरात नभनी दुःख गरेर लगाएको बाली बाँदरले सत्यानाश गरिदिँदा अन्नबाली लगाउन मन नलागेको उहाँले बताउनुभयो । मरिमरी काम गऱ्यो, बाली भित्र्याउने बेलामा बाँदरले सक्ला कि भनेर बारीमा कुर्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो । 'अलि अगाडि वर्षमा यहाँ खासै बाँदर थिएनन् । तर, पछि फाट्टफुट्ट देखिन थाले । हाल त थेगिनसक्ने गरी आउन थालेका छन्,' उहाँले भन्नुभयो, हालै धान भित्र्याउने बेलामा पनि बाँदरले निकै नै दुःख दिए । धान काट्ने बेला नभई बाँदर आतंकले हरियोमै धान काटेर झार्नुपरेको उहाँले भन्नुभयो । 'खेतमा धान फल्नमात्र थालेको थियो । बाँदर त खेतभरि लडिबुडी गर्ने, धान खाने, ढलाउने गर्नाले यसपालि चाँडै धान काटेर भित्र्याइयो,' उहाँले भन्नुभयो ।

सयौंको संख्यामा बाँदरको हुल आएर खेतीपाती नष्ट गरिदिने र घरपरिवारलाई समेत तर्साउने मात्र नभई घरभित्र पसेर चुलोमा राखेको भातसमेत खाइदिने गरेपछि स्थानीय धमाधम बसाइँ सारेर हिँडे । गाउँ रित्तो हुन थालेपछि बाँदरले झन् कब्जा जमाएर बाली सखाप बनाएको उहाँको गुनासो छ । बाँदरको आतंककै कारण खेती छाडेर केहीले भैंसी पालेको बताइएको छ । 'खेतमा लगाएको मकै, गहुँ र फलफूल बाँदरले सखाप बनायो, खानै पाइएन,' उहाँले भन्नुभयो, 'दुःख गरेर पनि केही भित्र्याउन नपाएपछि छोराहरू पनि निराश थिए । अरू कामधन्धा छाडेर बाँदरबाट बाली जोगाउन पालैपालो चौकीदारी बस्न जानु आफूहरूको बाध्यता छ । हाल त बाँदर घर-घरमै छिर्न लागेका छन् । घर रुँघ्न छाडेर कोही बाहिर जान पाउँदैनन् । नत्र भित्रै पसेर उत्पात गरिहाल्छ ।'

गाउँमा बस्ती घट्दै गएका कारण बाँदर अलि बढ्न थालेको हो कि भन्ने अनुमान गरिएको पालिका अध्यक्ष हिदम लामाले बताउनुभयो । केही समयअघि गाउँबस्ती हराभरा थिए । मानिसको चाप थियो । तर, हाल मानिसहरू शहर पस्न थालेपछि र वनजंगलमा खानेकुरा अभाव भएपछि बाँदर गाउँबस्ती पस्न थालेको उहाँले बताउनुभयो । 'हिजोआज गाउँबस्ती खाली हुँदैछन् । बाँदरको संख्या बढ्दै गएको छ र बालीनाली बचाउन मुस्किल भएको छ,' पालिका अध्यक्ष लामाले भन्नुभयो ।

बाँदर आतंक हाललाई राज्यकै समस्या भएको त्रिभुवन विश्वविद्यालय वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पस प्रमुख डा. शिवकुमार मानजनले बताउनुभयो । वनजंगलमा खानेकुरा अभाव भएपछि बाँदरहरू बस्तीमा छिर्ने गरेको उहाँले बताउनुभयो । 'गाउँका युवा शहर र कोही विदेश जान थाले । गाउँघरमा बालीमा बाँदरले हैरान पारेका छन्,' क्याम्पस प्रमुख मानजनले भन्नुभयो । मन्दिरका बाँदरलाई जाल हालेर अलि टाढा बस्तीमा लगेर छाड्नाले पनि बाँदर बढेको हो कि भन्ने लागेको उहाँले बताउनुभयो । स्थानीयको मुख्य पेशा कृषि भएकाले यसप्रति राज्यले पनि चासो राख्नु आवश्यक भएको उहाँले बताउनुभयो । कृषकले लगाएको बाली बाँदरले नष्ट गर्नु दुःखद् भएको उहाँ बताउनुहुन्छ ।

बाँदरदेखि आजित बनेका स्थानीय बासिन्दाले प्रदेशतर्फ आँखा ताकिरहेका बेला प्रदेश सरकारले भने कुनै योजना ल्याउन सकेको छैन । एक अध्ययनले बाँदर धार्मिक प्राणी पनि भएकाले तत्कालका लागि रोकथामको कुनै उपाय सुझाउन सकेको छैन । बाँदरलाई मान्छेपछिको बुद्धिजीवी भनिन्छ । त्यसलाई बन्ध्याकरण गर्ने, समाएर नियन्त्रण गर्ने भन्ने उपायले नियन्त्रण सक्सेस हुँदैन भनेर प्रतिवेदनले भनेको छ । बाँदर आतंक संख्या बढेको हो वा अन्य कारण हो भन्ने विषयमा भने अध्ययन हुन बाँकी छ ।

बाँदर मार्नका लागि कानुनी अवरोध भएको भन्दै स्थानीयले कानुन सुधारको माग गरेका छन् । नेपालभरि नै बाँदर आतंकका कारण किसान मर्कामा परेका छन् । फसल जति बाँदरले खाइदिने हुनाले जमिन बाँझो राख्ने प्रवृत्तिसमेत देखापरेको छ । त्यसैले बाँदर नियन्त्रणका लागि बाँदर निर्यात गर्नेदेखि बाँदर धपाउन कर्मचारी राख्नेसम्मका कुरा आएका छन् । तर, यी कुनै उपायले काम गर्ने देखिँदैन ।

बाँदर नियन्त्रणबारे संघदेखि स्थानीय तहसम्म कुरा उठेको छ । यसको नियन्त्रणको कुरासँगै जोडिएर आउने कुरा हो, कसरी हाल बाँदर आतंक बढ्यो त ? यसमा बाँदरविज्ञका अध्ययनले देखाउने विषय विशेष होला तर सामान्य अनुभवका आधारमा हेर्दा भने नेपालको बस्ती र खेतीपातीमा आएको परिवर्तन नै बाँदर आतंकको कारण हो । बाँदर वनजंगलमा नै रमाउने जनावर हो । विगतमा वनमा विभिन्न किसिमका फलफूलका रुख हुन्थे । वरलगायत फल लाग्ने रुख यत्रतत्र पाइन्थे । अर्थात् बाँदरलाई आहार खोजी गर्न वनजंगल नै पर्याप्त थियो ।

तर, हाल गाउँबस्ती खाली हुन छाडेसँगै धेरै खेतबारी जंगलमा परिणत हुन थालेको छ । यस्तो ठाउँमा फल लाग्ने बोट छैनन् । त्यस्तै गाउँबेंशी सबैतिर खेतीपाती हुन्थ्यो । ती ठाउँमा फाट्टफुट्ट बाँदर आउँथे । तिनलाई त्यहींका आहाराले पुग्थ्यो । तर, हाल यसरी खेती हुन छाडेको छ । कि त गाउँमा बस्ती बाक्लिएको छ, कि त बस्ती बेंशीतिर बाक्लिएको छ । यस्तोमा बाँदरले आहार खोजीका लागि जहाँ बस्ती छ, त्यहाँ जानु स्वाभाविक हो । त्यसैले बाँदर आतंक कम गर्ने हो भने पारिस्थितिक प्रणाली जोगाउन र त्यसअनुसार अनुकूलन हुन आवश्यक देखिने विज्ञ बताउँछन् ।

# १८९ किलो गाँजासहित एकजना पक्राउ

**सिन्धुली ।** सिन्धुली प्रहरीले १८९ किलो गाँजासहित एक पिकअप र पिकअप चालकलाई नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय भिमान, सिन्धुलीका प्रहरी निरीक्षक टंकबहादुर कार्कीको कमाण्डमा खटिएको टोलीले शुक्रबार साँझ नियन्त्रणमा लिएको हो । कमलामाई नगरपालिका-९ चेकपोष्टस्थित बिपी राजमार्गमा सवारी साधनहरू चेकजाँच गर्ने क्रममा सो परिणामको गाँजा फेला परेपछि गाँजा बोक्ने पिकअपसहित पिकअप चालकलाई समेत नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका प्रहरी नायब उपरीक्षक, प्रहरी प्रवक्ता अनिलकुमार खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार बा.प्र.०३-००१ च २२८० नं. को पिकअपमा फल्स बटम बनाई लुकाइछिपाई गाँजा बोकेर चितवनबाट हेटौंडा-सिन्धुली हुँदै बर्दिबासतर्फ जाँदै गरेका पिकअप चालक भरतपुर महानगरपालिका-६ बस्ने ३९ वर्षीय शेरबहादुर लामा रहेका छन् । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता खड्काले बताउनुभयो ।


## अधिकतम् खुद्रा बिक्री मुल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (China) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम् खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालवस्तुको विवरण | वस्तुको प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cookerhood (Chimney) | Electric | Bescardo | F-900 | 90cm | China | Pcs. | 18350/- | 18350.00 | |
| 2. | Cookerhood (Chimney) | Electric | Bescardo | F-910 | 90cm | China | Pcs. | 21509/- | 21509.00 | |
| 3. | Cookerhood (Chimney) | Electric | Bescardo | F-915 | 90cm | China | Pcs. | 19930/- | 19930.00 | |

बिक्रेता फर्मको नाम: Regal Ceramic, महालक्ष्मीस्थान, ललितपुर, नेपाल, फोन नं: +९७७ ९८५१०७२९४० प्यान नं: ६१४२३६१४८



## आइ.एम.ई. डिजिटल सोलुसन लिमिटेडको

### आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/०९**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८१/७/२७ गते मंगलबार बसेको संचालक समितिको बैठक नं. ४/०८१/८२ को निर्णय बमोजिम कम्पनीको आठौं वार्षिक साधारणसभा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८ को उपनियम ३ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । शेयरधनी महानुभावहरूलाई देहाय बमोजिमको मिति, स्थान र समयमा उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभाको कार्यक्रम**

मिति : २०८१/०८/२४ गते सोमबार, (तदनुसार डिसेम्बर ९, २०२४) ।

सभा हुने स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, आइएमई कम्प्लेक्स, पानीपोखरी काठमाडौं ।

सभा शुरु हुने समय : दिनको ३:०० बजे ।

**छलफलका प्रस्तावहरु :**

**क. साधारण प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट आ.व. २०८०/८१ को अध्यक्षको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ असार मसान्तसम्मको वासलात, मिति २०८० श्रावण १ गते देखि २०८१ असार मसान्त सम्मको नाफा/नोक्सानको हिसाव र सोही अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।

३. आ.व. २०८१/८२ का लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. संचालक समितिको पुर्नगठनलाई अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव**

१. यस संस्थासंग अन्य कुनै संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) गर्ने सम्बन्धी सम्पूर्ण कार्य गर्न अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**


# गुल्मीबाट मात्रै अख्तियारमा ६० उजुरी दर्ता

**गुल्मी ।** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल कार्यालयमा चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्म जिल्लाका ६० उजुरी दर्ता भएका छन् । उजुरीमध्ये ३५ वटा फर्छ्यौट भएको र बाँकी २५ उजुरी छानबिनकै क्रममा रहेको बताइएको छ । आयोगले जिल्लास्तरमा अन्तरक्रिया सरोकारवाला निकायबीच अन्तरक्रिया गरेको छ । अख्तियारले गुल्मीमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया गरेको हो ।

पछिल्लो समयमा स्थानीय तहमा उजुरीको संख्या बढ्दै जान थालेसँगै स्थानीय तह र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीचको दूरी कम गर्ने उद्देश्यले गुल्मीमा जिल्लास्तरीय रूपमा उक्त कार्यक्रम गरिएको हो । कार्यक्रममा दुई नगरसहित १२ स्थानीय तहका प्रमुख तथा अध्यक्ष,



उपप्रमुख तथा उपाध्यक्षसहित प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव रमेशकुमार केसीले अख्तियारले गर्ने कार्य र क्षेत्राधिकारका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बुटवलका प्रमुख राजेन्द्रकुमार पौडेलले गुल्मी जिल्लासहित कार्यक्षेत्रभित्र रहेका आठ जिल्लाका बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग आयोगको भूमिका, स्थानीय तहसँग सम्बन्धित भई आयोगमा पर्ने उजुरीका विषयवस्तु एवं स्थानीय तहलाई आयोगका सुझावका सम्बन्धमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी मुख्य रुपमा तीन किसिमका रणनीतिक उपायमार्फत भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्दै आएको छ । कार्यक्रममा सहभागीले अख्तियारसँग सम्बन्धित केही जिज्ञासासमेत राखेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा. हरि पौडेलले पछिल्लो समयमा अख्तियारसँग डराउने भाष्य निर्माण भएको भन्दै सही नियतले काम गर्दा कसैसँग डराउन नपर्ने बताउनुभयो । उहाँले अख्तियारमा उजुरी पर्दैमा विकास निर्माणका काम रोक्ने गरेको भन्दै त्यसो नगर्न आग्रह गर्नुभयो ।

# मानव बेचबिखनको आरोपमा एकजना पक्राउ

**चितवन ।** मानव बेचबिखनको आरोपमा जिल्ला प्रहरी कार्यालय चितवनले एकजनालाई पक्राउ गरेको छ । पाँचजना युवतीलाई वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी भारत पठाउन लागेको अवस्थामा प्रहरीले मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१४ का ४४ वर्षीय राजु तामाङ भनिने राजकुमार थिङलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयले निजलाई नारायणगढबाट पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको कार्यालयका प्रमुख गौतम मिश्रले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न स्थानका युवतीहरूलाई नारायणगढमा भेला पारी सुनौली जाने बसमा चढाउन लागेको अवस्थामा थिङलाई पक्राउ गरिएको हो । मिश्रले भन्नुभयो, 'थिङले युवतीहरूको पासपोर्ट संकलन गरी भिसा लगाउनका लागि भारत पठाउन लागिएको थियो । भारतबाटै विदेश जानुपर्छ भनी युवतीहरूलाई लैजान लागेको सूचना पाएपछि पक्राउ गरिएको हो ।' मानव बेचबिखनको यो नयाँ स्वरूप भएको उहाँले बताउनुभयो । मिश्रले भन्नुभयो, 'थिङको नियत खराब भएको थाहा पाएपछि युवतीहरूले आफन्तमार्फत् प्रहरीलाई खबर गरेका थिए ।' थिङलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत चितवनबाट चार दिनको म्याद थप गरी थप अनुसन्धान सुरु गरिएको जनाउँदै उहाँले युवतीहरूको संरक्षणका लागि सुरक्षित गृहमा पठाइएको बताउनुभयो ।


## Palungtar Municipality

**Office of the Municipal, Executive**
**Palungtar, Gorkha**
**Gandaki Province, Nepal**

### Invitation for Bid (Electronic Bid only)

*Date of Publication: 24/11/2024 (9th Mangsir 2081)*

1. Palungtar Municipality, invites bids from **national** eligible bidders for following works:

| Contract Identification Number | Description and location of work | Bid Document Fee (NRs) | Estimate Amount With out VAT (NRs.) | Bid Security Amount (NRs) | Bid Security Validity Period (days from the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| PMUN/NCB/GOODS/2081/82-01 | Procurement, Supply, Delivery, Installation, Testing and Commissioning of 100 kVA 3-phase Diesel Engine Generator. | 3000.00 | 1865625.45 | 50000.00 | 90 | |

2. Purchase, Submission and Opening:

| SN | Purchase of Bid (Last Date/Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1. | 24-12-2024 | 12:00 | 24-12-2024 | 12:00 | 24-12-2024 | 13:00 | PMUN/NCB/GOODS/2081/82-01 |

| Name of Office | Bank | Deposit Account No: (Bid Security Amount) | Revenue Account No: (Bid Document Fee) |
|---|---|---|---|
| Palungtar Municipality, Palungtar, Gorkha | Agriculture Development Bank Ltd, Palungtar, Gorkha | 0317700959532017 | 0317700959532025 |

3. Tender Procedures shall follow Public Procurement Act and Public Procurement Rules (Thirteenth Amendment).
4. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. Any amendment in the notice or bid documents will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of Palungtar Municipality .
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**



## मंगला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, म्याग्दी**
**गण्डकी प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

*(प्रकाशित मिति: २०८१।०८।०९)*

मिति २०८१।०६।०१ गतेको **नागरिक राष्ट्रिय दैनिक पत्रिका** मा सूचना प्रकाशन गरिएको IBF/REP/EOI/PQ No. MRM/Myagdi/NCB/Works/02/081/82 (Upgrading of Pulchokwk-Pipalbot-Pankhu-Dhara-Sirkum-Tikawang-Motorway) र मिति २०८१/०६/१३ गतेको हिमालयन टाइम्समा सूचना प्रकाशन गरिएको IFB/REP/EOI/PQ No. MRM/Myagdi/NCB/Works/o4/081/082 (Construction of Mangala Shikshya Campus Hostel Building) ठेक्कामा नियमानुसार दर्ता भएका विद्युतिय बोलपत्र खोली प्राविधिक पक्षको मुल्याङ्कन गर्दा देहायका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही रहेको देखिएकोले **मिति २०८१।०८।१५ गते दिनको २:०० बजे** यस मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी गराइन्छ ।

**IBF/REP/EOI/PQ No. MRM/Myagdi/NCB/Works/02/081/82 (Upgrading of Pulchokwk-Pipalbot-Pankhu-Dhara-Sirkum-Tikawang-Motorway)**

| क्र. सं. | पेश भएका बोलपत्रदताहरुको विवरण | प्राविधिक प्रस्ताव स्वीकृत भई आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाताहरु |
|---|---|---|
| 1 | Pokhara Construction Pvt.Ltd., Pokhara 8, Nayabajar | Pokhara Construction Pvt.Ltd., Pokhara 8, Nayabajar |
| 2 | Machhapuchre/Khushihomes JV. Jaljala-Parbat | Machhapuchre/Khushihomes JV. Jaljala-Parbat |
| 3 | Himalayan- Bhagawati Malika JV, Raghuganga-3, Piple | Himalayan- Bhagawati Malika JV, Raghuganga-3, Piple |
| 4 | Buddha Nirman Sewa, Kusma-Parbat | Buddha Nirman Sewa, Kusma-Parbat |
| 5 | Divine-Light-Acharya Mangala J.v., Mangala-5, Myagdi | Divine-Light-Acharya Mangala J.v., Mangala-5, Myagdi |
| 6 | Bikesh-Rehan J.V., Dupcheshowr-7, Nuwakot | Bikesh-Rehan J.V., Dupcheshowr-7, Nuwakot |
| 7 | Bhanja/Om Kalika JV, Pokhara, Kaski | Bhanja/Om Kalika JV, Pokhara, Kaski |
| 8 | YC-SABC-HNS Joint Venture, | YC-SABC-HNS Joint Venture, |
| 9 | RRCPL-PNS JV, Gulmi | RRCPL-PNS JV, Gulmi |
| 10 | Buddhi Gandaki and Suppliers | Buddhi Gandaki and Suppliers |

**IFB/REP/EOI/PQ No. MRM/Myagdi/NCB/Works/o4/081/082 (Construction of Mangala Shikshya Campus Hostel Building)**

| | | |
|---|---|---|
| 1 | Jayalaxmi Nirman Sewa, Baglung Mun.-3, Balung | Jayalaxmi Nirman Sewa, Baglung Mun.-3, Balung |
| 2 | Reshiva Construction Sewa Pvt.Ltd., Kathmandu | Reshiva Construction Sewa Pvt.Ltd., Kathmandu |
| 3 | Uttarganga Nirman Sewa, Myagdi | Uttarganga Nirman Sewa, Myagdi |
| 4 | Mahadeve Nirman Sewa, Myagdi | Mahadeve Nirman Sewa, Myagdi |
| 5 | YBC-MNS-IB J.V., Pokhara kaski | YBC-MNS-IB J.V., Pokhara kaski |
| 6 | Kalapani Construction and Suppliers Pvt.Ltd. | Kalapani Construction and Suppliers Pvt.Ltd. |
| 7 | Acharya-Mangala J.V., Mangala, Myagdi | Acharya-Mangala J.V., Mangala, Myagdi |

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# सरकारको भविष्यवाणी पूरा होला ?

सत्तारुढ घटकमध्येको एक नेकपा एमालेले शुक्रबार जनजागरण कार्यक्रम गरेको छ । काठमाडौंको दरबारमार्गमा भएको उक्त कार्यक्रलाई सम्बोधन गर्ने क्रममा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेलाई कसैले हल्लाउन सक्दैन भन्ने अभिव्यक्ति दिनुभएको छ । उहाँले वर्तमान सरकारलाई कसैले हल्लाउन सक्दैन भन्दै यो सरकार पूर्णसमय टिक्ने दृढता व्यक्त गर्नुभएको छ । जनस्तर र अन्य प्रतिपक्षी दलहरूबाट यो जनजागरण केका लागि भन्दै प्रश्न उठेको अवस्थामा ओलीले नेपाली कांग्रेस र आफ्नो पार्टी प्रतिस्पर्धी भए पनि अहिले मुलुकको आवश्यकताका लागि एक ठाउँमा उभिएको बताउनुभयो । सरकारको समयावधि सम्बन्धमा विभिन्न पार्टीका नेताहरूबाट आ–आफ्ना मत प्रकट हुँदै आएका छन् ।

सरकार त्रासमा रहेको जस्तो पनि एमालेका नेताहरूका अभिव्यक्तिबाट अनुमान लगाउन सकिन्छ । यो सरकार पूरा अवधि टिक्छ भन्ने आसयका अभिव्यक्ति बेलाबेलामा आउने गर्छन् । ८४ सालसम्म सरकार टिकाउने प्रतिबद्धता आउँछन् । सरकारमा बसेकाहरूबाट त्यस प्रकारको अभिव्यक्ति आउनुलाई अस्वाभाविक मान्न मिल्दैन । किन भने, सरकारमा बस्नेले नै यो सरकार केही समयका लागि मात्र भन्ने हो भने सरकारको न स्थिरता रहन्छ न त सरकारले केही गर्न सक्छ । विद्यमान सरकारले आफ्नो दीर्घकार्यकालको पक्षमा अभिव्यक्ति दिनु अन्यथा होइन । तर, 'यो सरकार पूरा समय टिक्छ' भन्दाभन्दै सरकार भंग भएका पूर्वदृष्टान्त हेर्दा सरकार आफ्नो पक्षमा वकालत गरिरहन्छ, प्रतिपक्षहरू सरकार ढाल्ने प्रपञ्चमा लागि नै रहन्छन् ।

हालको अवस्थामा यस्ता कार्य भइरहेका नहोलान् भन्ने छैन । भारत र चीनले पनि यस सरकारलाई मन पराइरहेका छैनन् भनेर माओवादी केन्द्रका नेताहरूले बताइरहेका बेला सरकारको एक घटक एमाले हाम्राविरुद्ध षड्यन्त्र भइरहेको छ भन्दैछ । प्रधानमन्त्री चीन जाँदै हुनुहुन्छ । यही पूर्वप्रभातमा बिआईआरका विषयमा सत्तारुढ कांग्रेस र एमालेबीच केही समान्य मतभेद भए । यसलाई लिएर यी दुई दलभित्र खटपट आएको अर्थ अरू दलहरूले लगाए । उक्त मतभेद ऋण नस्वीकार्ने निष्कर्षमा पुगेर टुंगिएको छ । यसले गर्दा वर्तमान सरकारको स्थिरताको आशा गर्न सकिने अवस्था अझै बलियो बनेको छ । अब त पूरा समय भनेको बाँकी तीन वर्ष हो ।

त्यसको समयावधि वा प्रतीक्षा त्यति लामो होइन तर गत दुई वर्षको विगतलाई हेर्ने हो भने तीनपटक सरकार परिवर्तन भइसकेको छ र त्यसले बाँकी तीन वर्षमा धेरै पटक सरकार परिवर्तन हुने हो कि भन्ने आशंका भने सबैका मनमष्तिष्कमा गढेर रहेको छ । इतिहास हेरेर यसो भन्न सकिने अवस्था छ किनकि हाम्रोमा पटक–पटक यस्तै इतिहास नै दोहोरिइरहने गरेको छ । एमाले र कांग्रेसको सरकार बन्नुपर्ने बाध्यता के थियो भनेर कारण खोज्ने समय अब टरिसकेको छ । तर, केही मानिसहरूको भनाइलाई विश्वास गर्ने हो भने माओवादी, रास्वपाको सरकार भएका बेला कांग्रेस र एमालेका नेताहरूका मात्र भ्रष्टाचारका प्रकरण केलाउने प्रयास गरिएको हुँदा एमाले–कांग्रेसले यो सरकार बनाएका हुन्, त्यसको प्रतिशोधले हाल रास्वपाका सभापति रवि लामाछाने माथिको छानबिन थालिएको तर्कअघि सारिएको छ ।

त्यसमा सत्यता होला वा नहोला तर जो–जो माथि आर्थिक अपचनल गरेको र राष्ट्रको सम्पत्ति हिनामिना गरेको आशंका हुन्छ त्यसमाथि छानबिन गर्नु सरकारको दायित्व हो । यसका लागि निकटको र दूरको भनेर काखी च्याप्नु, पर पन्साउनु हुँदैन । हाल एमालेका महासचिव शंकर पोखरेलले एमालेमाथि ठूलो षड्यन्त्र भइरहेको भन्ने आसयको अभिव्यक्ति दिनुभएको छ । यस्तो हुनसक्छ । एक राजनीतिक पार्टीले अर्को राजनीतिक पार्टीलाई समाप्त पार्ने खेल एकपटक मात्र होइन सयौं पटक हुन सक्छन् । त्यसतर्फ हरपल सचेत रहनु सबै रानजीतिक पार्टीहरूको जिम्मेवारी हो नत्र पार्टी नै अगाडि बढ्न सक्दैन ।

यदि कतैबाट पोखरेलले भने जस्तो पार्टीलाई समाप्त पार्ने प्रपञ्च भइरहेको भए निश्चय त्यस्ता प्रपञ्च एमालेलाई समाप्त पार्नका लागि मात्र होइन कांग्रेस तथा अन्य पार्टीहरूलाई समेत समाप्त पार्न भित्रभित्रै अनेकौं प्रपञ्च रचिँदै छैनन् भन्ने कुराको प्रत्याभूति कसले गर्न सक्छ ? यसतर्फ विचार पुऱ्याउनु पर्दैन र ? एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले अहिले जनताको बलिदानबाट ल्याइएको लोकतन्त्र र सार्वभौम जनताको हैसियतविरुद्ध षड्यन्त्र भइरहेको छ भन्नुभएको कुरा भने विचारणीय छ । उहाँले वर्तमान सरकार २०८४ सम्मै रहने प्रतिबद्धता व्यक्त गर्दै अबको १७ महिना आफू, प्रधानमन्त्री हुने र त्यसपछिको अवधिमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुने धारणा राख्दै आउनुभएको छ । यस दृढताको कारक भने उहाँ स्वयं बन्नुपर्नेछ ।

पहिले नेकपाको सरकार भएका बेला प्रतिबद्धानुरूप पुष्पकमल दाहाललाई सत्ता नसुम्पेकाले नेकपा तहसनहस भएको र उहाँले प्रतिनिधिसभा विघटनका लागि दुईपटक सिफरिश गरेको सन्दर्भ यहाँ स्मरणीय छ । राष्ट्रको भविष्य र सरकारको स्थायित्वका लागि एकजना नेता र एउटा पार्टीमात्र होइन सबैको सामूहिक जिम्मेवारी र दायित्व छ भन्ने सबैले हेक्का राख्नुपर्ने हुन्छ । जो सरकारमा छ त्यसैले प्रदर्शन गर्ने ? भन्ने प्रश्न उठेकाले एमालेले आफ्नो प्रदर्शनलाई 'जनजागरण'को संज्ञा दिएको हुनसक्छ । यस्ता जागरणका कार्यक्रम गर्न सकिन्छ तर ती सम्यम् र शालीन हुनु आवश्यक छ ।

# गणराज्यको पहिचान

**गणतन्त्रमा विज्ञको पहिचान र विद्वान्को कदर अनिवार्य मानिन्छ । उनीहरूको विज्ञतालाई गणतन्त्रका सारथीले गतिलो तरिकाले बाहिर ल्याउन र जनतासामु लैजान सके भने गाणतन्त्र मुलुकले अनिवार्य रूपमा काँचुली फेर्ने तथ्यलाई नकार्न सकिँदैन । गणतन्त्रको सबैभन्दा बलियो मियो विज्ञ र विद्वान् मानिएका छन् ।**



● डा.गणेशप्रसाद घिमिरे

संसारका कुनै पनि प्रजातान्त्रिक मुलुकमा जनतालाई सर्वोपरी मानिएको छ । जनताको सहायता र जनताका माध्यमबाट शासन व्यवस्था गतिलो तरिकाले चल्ने गरेको तथ्यलाई गणतन्त्रको शासकीय पद्धतिले बताएको पनि छ । शासन सञ्चालनमा आउने बाधालाई चिर्न गणतन्त्रका शासकहरू सफल हुनु अनिवार्य मानिएको छ । गणतन्त्र अधिनायक वा तानाशाही प्रवृत्तिबाट शासन चलाउने पद्धति पनि होइन । यो व्यवस्था त जनताको स्वाभिमान र जनतालाई उच्च ओहोदामा राखेर शासन चलाउने पद्धति हो । यसमा सबैभन्दा महत्त्वपूर्ण व्यवस्थापकीय जिम्मेवारी जनतामा निहित रहेको हुन्छ । गणतन्त्र त जिम्मेवार जनताको हक हितलाई ध्यानमा राखेर शासन चलाउने व्यवस्थापकीय मान्यतामा आधारित पद्धति हो । जनतामा रहेको स्वाभिमानलाई गतिशील तुल्याउने शासकीय पद्धति हा । गणतान्त्रिक मुलुकको शासकीय पद्धति जनताबाट चुनिएका प्रतिनिधिका हातमा रहने हुनाले नै गणतन्त्रका खम्बा जनतालाई मानिएको हो ।

महाभारतमा गणतान्त्रिक व्यवस्थाको पहिचान बनेर देखिएको हस्तिनापुरका तात्कालिक शासक युधिष्ठिर यही शासन व्यवस्थाको पक्षमा देखिएका थिए । उनले गणतन्त्रमा सबैभन्दा बढी जनताको व्यवस्थापन रहेकाले कस्ता मानिस गणतन्त्रका सहयोगी हुन सक्छन् भनेर आफ्ना पितामहलाई सोधेका थिए । गणतन्त्र कुनै पनि देशको पहिचान हो । उक्त देशको व्यवस्थापकीय पक्ष पनि हो । गणतन्त्रको सबलता नै देशको पहिचान हुने हुनाले यसको व्यवस्थापनमा शासक कहिले पनि चुक्नु हुँदैन । शासक चुकेमा गणतन्त्रको पहिचान समाप्त हुने कुरालाई कसैले पनि नकार्न सक्दैन ।

### अभिभावक प्रमुख

हाम्रो सनातन परम्परामा आफूभन्दा जेठोलाई सम्मान गर्ने विधि छ । यही विधिका माध्यमबाट पारिवारिक विघटनको अवस्था कमजोर हुने गरेको तथ्यलाई नकार्न सकिँदैन । परिवारमा जेठो सदस्य नै परिवारको मूली हुने गर्दछ । जेठो सदस्यका मातहतमा नै अन्य सदस्यले आ-आफ्नो जिम्मेवारी निर्वाह गरेका हुन्छन् । जेठो सदस्य परिवारको मूलपुरुष मानिने हुनाले नै उसमाथि परिवारको सम्पूर्ण जिम्मेवार आइपरेको हुन्छ । उसले गरेका निर्णय परिवारका सदस्यले मान्नुपर्ने हुन्छ । यही हो पारिवारिक गणतन्त्र पनि ।

पारिवारिक गणतन्त्रको विकसित रूप शासनमा देखिने गणतन्त्र हो । यदि परिवारका वरिष्ट सदस्यले निभाएको जिम्मेवारीमा प्रश्नचिह्न उठ्यो भने परिवार विघटन हुने तर्कलाई कसैले पनि नकार्न सक्दैन । गणतन्त्रको शासकीय पद्धति पनि यही हो । एक अर्का राज्यका बीचमा वैमनस्य देखियो भने त्यो राज्यमात्र होइन । वैमनस्य गणतन्त्रमाथि नै खतराको घण्टी हो भन्ने सन्दर्भलाई महाभारतले उठाएको पाइन्छ । युधिष्ठिरलाई पितामह भीष्मले गणतन्त्रको स्थिरता र गणतन्त्रको विकासका लागि गतिलो उत्तर दिएका थिए । उनले भनेका छन् :

क्रोधो भेदो भयं दण्ड: कर्षणं निग्हो बध
नयत्यरिवशं सद्यो गणान् भरतसत्तम ॥

संघका जनतामा क्रोध, भेद (फुट) डर, दण्डप्रहार, बन्धनमा राख्ने प्रवृत्ति तथा मार्ने प्रवृत्ति उपस्थित भयो भने ती तत्काल शत्रुका वशमा परेका हुन्छन् । गणतन्त्रको सबैभन्दा बलवान् देशको शासकीय पद्धति हो । यो पद्धतिमा आफ्नो दुनो सोझो गराउने अवस्था आउन दिनुहुँदैन । शासकीय व्यवस्थामा जनताका जनजीविकाका सवालमा राज्य सचेत हुनु अनिवार्य मानिएको छ । यदि त्यो अवस्था आएन भने गणतन्त्रको व्यवस्थापकीय पक्ष नै अति कमजोर हुने तर्कलाई नकार्न सकिँदैन । गणतान्त्रिक व्यवस्थामा जान्नेलाई सम्मान अनिवार्य मानिएको हुन्छ । गणतन्त्रको सम्मानित व्यक्ति विद्वान् तथा विज्ञ हुन् । उनीहरूको सम्मान भएन भने गणतन्त्र कमजोर हुने तर्कलाई भीष्मले बताएका छन् ।

तस्मान्मानयितव्यास्ते गणमुख्या: प्रधानत:
लोकयात्रा समायात्ता भूयसी तेषु पार्थिव ॥

हे युधिष्ठिर ! गणराज्यका जो प्रधान प्रधान अधिकारी छन् तिनलाई तिमीले सम्मान गर्नु अनिवार्य हुन्छ । लोकयात्राको अनेक भार ती विद्वान् र विज्ञमा नै रहेको हुन्छ । उनीहरूको विज्ञताले नै लोकयात्रालाई सहज र जनताको योग्य बनाएको हुन्छ । गणतन्त्रमा विज्ञको पहिचान र विद्वान्को कदर अनिवार्य मानिन्छ । उनीहरूको विज्ञतालाई गणतन्त्रका सारथीले गतिलो तरिकाले बाहिर ल्याउन र जनतासामु लैजान सके भने गाणतन्त्र मुलुकले अनिवार्य रूपमा काँचुली फेर्ने तथ्यलाई नकार्न सकिँदैन । गणतन्त्रको सबैभन्दा बलियो मियो विज्ञ र विद्वान् मानिएका छन् । उनीहरूको कदर गणतन्त्रमा भएन भने विकास हुन नसक्ने तथ्यलाई भीष्मले पनि बताएका छन् । गणतन्त्रको मूल पहिचान राज्यका बीचमा देखिने एकता हो । यदि गणतन्त्रका विभिन्न राज्यमा एकता देखिएन भने गणराज्यका बीचमा नै वैमनस्य देखिने तथ्यलाई उल्लेख गर्दै भीष्म भन्छन् :

आभ्यान्तरं भयं रक्ष्यमसारं
बाह्यतो भयम्
आभ्यन्तरं भयं राजन् सद्यो
मूलानि कृन्तति ।

जनतामा देखिने डरलाई समाप्त पार्नका लागि आपसमा रहेको वैमनस्यलाई समाप्त पार्नु अनिवार्य मानिन्छ । यदि संघमा एकता भयो भने बाहिरको डर राज्यमा आउँदैन । संघमा आबद्ध भएका राज्यभित्रको डर जीवन्त बनेर देखियो भने तत्काल गणतन्त्रको जरो नै कमजोर बनेर देखिएको हुन्छ । गणतन्त्रको सबैभन्दा बलियो मियो भनेको संघका राज्यमा देखिने एकता नै हो । यही एकताले गणतन्त्रलाई जीवन्त बनाएर बाहिर ल्याएका हुन्छन् । गणतन्त्रको बलियो पक्ष संघमा आबद्ध भएका राज्यहरूबीचको एकता हो । यही एकताले गणतन्त्रलाई बलियो बनाएको हुन्छ । गणतन्त्रको बलियोपन एकता हो भन्ने तथ्यलाई बाहिर ल्याएको देखिन्छ महाभारतले पनि । गणतन्त्र कानुनी राज्यका रूपमा रहेको हुन्छ । कानुन र गणराज्यका बीचको एकताले नै गणतन्त्रलाई बलियो बनाएर राखेको हुन्छ ।

जात्या च सदृशा: सर्वे कुलेन सदृशास्तथा
न चोद्योगेन बुद्धया वा रूपद्रव्येण वा पुन: ।
भेदाच्चैव प्रदानाच्च भिद्यन्ते रिपुभिर्गणा:
तस्मात् संघातमेवाहुर्गणानां शरणं महत् ।

जाति, कुलमा सबै समान् हुन सक्छन् । उद्योग, बुद्धि, रूप र सम्पत्तिमा सबै समान् हुन सम्भव पनि छैन । शत्रु गणराज्यका जनतामा भेद (फुट) गराएर आफ्नो दुनो सोझ्याउने ताकमा बसेका हुन्छन् । त्यसैले गणतान्त्रिक देशमा संघमा आबद्ध भएका राज्य जनतामा एकता हुनु अनिवार्य मानिन्छ । गणतन्त्रको मूल मन्त्र जनताको एकता हो । एकता भएन भने गणतन्त्रको व्यवस्थापकीय पक्ष कमजोर हुने तर्कलाई भीष्मले युधिष्ठिरका सामु राखेको देखियो ।

गणतन्त्रमा सबैभन्दा बलिया जनता हुन् । जनता सम्पन्न भए भनेमात्र गणतन्त्र बलियो हुने कुरालाई भीष्मले राखेको देखिन्छ । उनको धारणामा जनता नै गणतन्त्रका बलिया पिलर हुन् । यदि गणतन्त्रमा जनता कमजोर भए भने गणतन्त्रको जग कमजोर हुने तर्कलाई उनले बाहिर ल्याएका छन् । विज्ञ र विद्वान्को सम्मान । उनीहरूलाई योग्य स्थान दिनु र उनीहरूभित्र रहेको विज्ञताको उपयोग गर्नु गणतन्त्रको उत्तम व्यवस्थापकीय मान्यता मानिएको देखिन्छ । यही गणतन्त्रको जग बलियो बनाउन हामी अहिलेसम्म पनि सफल हुन सकिरहेका छैनौं ।

यसमा जनतालाई गुमराहमा राखेर राजनीति गतिशील भयो भने जनता नै शासकीय सत्ताविरूद्ध उत्रने तथ्यलाई नकार्न सकिँदैन । जनताका माग सम्बोधन गर्ने, नेपाली जनतालाई विदेशी गल्लीमा फिरन्ते जीवन बिताउन नदिने, शिक्षा र स्वास्थ्यमा जनताको समान पहुँच दिने, आर्थिक दृष्टिले देशलाई समुन्नत बनाउने चाहमात्र राखेका छन् नेपाली जनताले ।

### हामी चुक्यौ कि ?

नेपालमा गणतन्त्र आएको पनि केही वर्ष भयो । जनताका आकांक्षा र उनीहरूका चाहना दिनदिनै बढिरहेका छन् । जनताको शासन व्यवस्थामा हामीलाई र हाम्रा मागलाई सम्बोधन गर्नुपर्ने माग जनताका आजसम्म पनि विद्यमान् रहेका छन् । गणतन्त्रले हामी र हाम्रा मनोकांक्षालाई पूरा गरिदिन्छ भन्ने जनताको विश्वासमा नेपालको राजनीतिले प्रभाव जमाउन सकेको देखिएन । गणतन्त्रलाई कमजोर बनाउने र गणतन्त्रको विकासमा सबैभन्दा गतिलो मान्यता कमजोर बनेर देखिएको पाइन्छ । गणतन्त्रपछि नेपालका प्रदेश र संघीय राज्य कमजोर बनेर देखिएका छन् । संघको सत्ताले प्रदेशको सत्तालाई पनि परिवर्तन बनाउने यो रणनीतिले नेपालको गणतन्त्र कमजोर बनेको छ ।

गणतन्त्र आफैंमा सबल शासकीय पद्दति हो । यो पद्धतिमा जनताका भावनाहरू गाँसिएर आएका हुन्छन् । जनताका भावनासित खेलबाड गर्ने अधिकार गणतन्त्रका शासकमा पनि छैन । उनीहरू त जनताका प्रतिनिधि हुन् । उनीहरू जनताका मागलाई सम्बोधन गर्नेगरी जनताबाट चुनिएर आएका प्रतिनिधिमात्र हुन् । उनीहरूको काम जनतासित गरेका वाचालाई पूर्ण गर्नु पनि हो । जनतासित गरिएका बाचालाई पूरा गर्न नसक्ने प्रतिनिधिलाई जनताले आउँदो निर्वाचनमा स्वाद चखाउने छन् ।

आजको नेपाल विकासोन्मुख देश हो । आर्थिक रूपमा तंग्रँदै गरेको देशलाई विकासका माधयमबाट माथि उटठाउनु जनप्रतिनिधिको दायित्व पनि हो तर त्यसो हुन सकेन । गणतन्त्रविरुद्धका आवाजले नेपालको राजनीतिलाई धेरै प्रभाव पारेको पनि देखिन्छ । यदाकदा जनताबाट यो व्यवस्थाले नेपालको विकास हुन नसक्ने वातावरण सिर्जना गरिन थालेको पाइन्छ । यो व्यवस्थाका सञ्चालक कमजोर, पुरानै ढर्रामा चल्ने खालका छन् भन्ने आवाज पनि सुनिन थालेका छन् । सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति पनि बढिरहेको छ । यस्तो अवस्थाको गणतन्त्रलाई विकासका माध्यमबाट नै गतिशील बनाउनु अनिवार्य मानिन्छ ।

नेपाली जनताले आफूलाई सार्वभौमसत्ता सम्पन्न मानेका छन् । राजनीतिक दल वा ठूला पार्टीका विरुद्ध हुने क्रियाकलापले पार्टीको अवस्था कमजोर बनेको छ । राजनीतिक दलमा हुनुपर्ने इमानदारीता देखिएको छैन । संघ प्रदेशका मन्त्रीले धक फुकाएर काम गर्न सकिरहेका छैनन् । स्थानीय सरकार भने कतै कतै गतिशील बनेर जनताका मागहरूलाई सम्बोधन गरेको देखिन्छ । नेपाली समाज विविधतामुखी छ । यो समाजमा देखिएको विविधतामा पनि एकताले जीवन्त रूप पाएको छ एकतामा आबद्ध भएर । जनताका भावनासित जोडिनु राजनीतिककर्मीको मूल मान्यता पनि हो । राजनीति झुठको खेती होइन । राजनीति त प्रत्यक्ष जनतासित सरोकार राख्ने विषय हो । जनताको प्रत्यक्ष सम्बद्धता भएको विषय पनि हो ।

यसमा जनतालाई गुमराहमा राखेर राजनीति गतिशील भयो भने जनता नै शासकीय सत्ताविरुद्ध उत्रने तथ्यलाई नकार्न सकिँदैन । जनताका माग सम्बोधन गर्ने, नेपाली जनतालाई विदेशी गल्लीमा फिरन्ते जीवन बिताउन नदिने, शिक्षा र स्वास्थ्यमा जनताको समान पहुँच दिने, आर्थिक दृष्टिले देशलाई समुन्नत बनाउने चाहमात्र राखेका छन् नेपाली जनताले । नेपाली जनता भ्रष्टाचार चाहँदैनन् । नातावादबाट गाँजिएको राजनीतिलाई विज्ञताका आधारमा ल्याउन आग्रह गरेका छन् । वृद्ध पुस्ताले राजनीतिबाट बिदा लिएर युवापुस्तामा देशको राजनीति दिन आग्रह गरेका छन् । स्देशमा नै आफूले अध्ययन गर्न चाहेको विषय सहज तरिकाले अध्ययन गर्न पाइयोस् भन्ने चाहेका छन् । समाजको विकासमा गतिशील हुन आग्रह गरेका छन् ।

समाजमा विद्यमान् कूरीति र कुसंस्कारको अन्त्य चाहेका छन् । स्थानीय, प्रदेश र संघीय सरकारका बीचमा तालमेल चाहेका छन् । गणतन्त्रविरुद्ध उठ्ने आवाजलाई थुनेर होइन काम गरेर निस्तेज पार्न चाहेका छन् । यदि यी कामलाई नेपालको गणतन्त्रका सारथीले सम्पन्न गरिदिएमा हस्तिनापुरको शासकीय पद्धति नआउला भन्न सकिँदैन । गणतन्त्रका सहयात्री मिलेर देशलाई गतिशील तुल्याउनु नै आजको राजनीतिको मूल मर्म हो ।

# नेपालको मौसम पूर्वानुमान रूपान्तरणमा भूउपग्रह प्रविधि

**सन् १९८८ मा आएर बल्ल जल तथा मौसम विभागको स्थापनासँगै यसै विभागबाट गर्न थालियो । सन् १९६२ देखि १९८८ मा आएर विभागको स्थापना हुँदासम्म नेपालले बिस्तारै भूउपग्रहबाट प्राप्त तथ्यांकको प्रयोग थालेको देखिन्छ । यसै क्रममा नेपालले सन् १९६६ मा विश्व मौसम विज्ञान संगठनको सदस्यता पाएसँगै नेपालका लागि मौसम विज्ञानका क्षेत्रमा काम गर्न विभिन्न देशसँग सहकार्यका लागि अवसर सिर्जना भएको देखिन्छ**



● सुरेश भट्टराई

नेपालको मौसम देशको भूगोलजस्तै विविधतायुक्त छभन्दा अत्युक्ति नहोला । तराईको गर्मीदेखि हिमाली क्षेत्रको चिसो वातावरणसम्म फैलिएको यो विविधताले हाम्रो देश नेपाललाई वायुमण्डलीय एवं वातावरणीय अध्ययन अनुसन्धानका लागि विश्वमै एक उत्कृष्ट स्थानको रूपमा स्थापित गरेको छ । तर, यसै विविधताले मौसम पूर्वानुमानलाई कठिन बनाएको छ । नेपालको दुर्गम भूगोल र छिटोछिटो बदलिने मौसमका कारण, मौसमसम्बन्धी घटनाहरूलाई ठ्याक्कै अनुमान लगाउन सधैं चुनौतीपूर्ण रहँदै आएको छ र यो मौसम विज्ञानको क्षेत्रमा काम गर्नेहरूका लागि एक महत्त्वपूर्ण अवसर पनि हो ।

पछिल्ला वर्षहरूमा, भूउपग्रह प्रविधिको प्रयोगले यस क्षेत्रमा उल्लेखनीय परिवर्तन ल्याएको कुरालाई नकार्न सकिँदैन साथै यसले नेपालको मौसम पूर्वानुमान क्षमतालाई थप प्रभावकारी बनाएको जनताले महसुस गरेको कुरा पछिल्ला समयहरूमा नेपाल सरकारले गर्ने मौसम पूर्वानुमान तथा यसले संभावित क्षतिलाई केही हदसम्म कम गरेको देखिन्छ । नेपालको मौसम पूर्वानुमानको इतिहास खोतल्ने हो भने तत्कालीन विद्युत् विभागले आफ्नो शाखागत गतिविधिका रूपमा सन् १९६२ बाट सुरु गरेको देखिन्छ जब काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो पटक मौसम कार्यालयको स्थापना गरियो ।

त्यो समयमा उपकरणहरू सीमित थिए र जमिनबाट प्राप्त तथ्यांकमा भर पर्ने चलन थियो जसले पूरा भूगोललाई कभर गर्न सकेको देखिँदैन । यो कार्य बिस्तारै तत्कालीन सिँचाइ विभागअन्तर्गत गर्न थालियो । सन् १९८८ मा आएर बल्ल जल तथा मौसम विभागको स्थापनासँगै यसै विभागबाट गर्न थालियो । सन् १९६२ देखि १९८८ मा आएर विभागको स्थापना हुँदासम्म नेपालले बिस्तारै भूउपग्रहबाट प्राप्त तथ्यांकको प्रयोग थालेको देखिन्छ । यसै क्रममा नेपालले सन् १९६६ मा विश्व मौसम विज्ञान संगठनको सदस्यता पाएसँगै नेपालका लागि मौसम विज्ञानका क्षेत्रमा काम गर्न विभिन्न देशसँग सहकार्यका लागि अवसर सिर्जना भएको देखिन्छ ।

उदाहरणका रूपमा सन् १९७० को दशकदेखि नेपालले भारत र जापानका भूउपग्रहरूबाट तथ्यांक प्राप्त गर्न थालेको थियो । हाल, नेपालले जापानको हिमावारी-८, भारतको इनसाट शृंखला र अमेरिकाको एनओएए जस्ता भूउपग्रह प्रणालीहरूबाट वास्तविक समयको मौसम जानकारी प्राप्त गर्दै आएको छ । यी प्रणालीहरूले बादलको अवस्था, वर्षा, तापक्रम, र हावाको प्रवाहको विस्तृत जानकारी प्रदान गर्छन् ।

यस्ता सहकार्यबाट खास गरी मनसुनको समयमा वर्षाको पूर्वानुमानमा उल्लेखनीय सुधार आएको छ । साथै ग्लोबल प्रिसिपिटेसन मेजरमेन्ट जस्ता भूउपग्रहहरूले वर्षाको तीव्रता र वितरणको विश्लेषण गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसले ठूलो जनघनत्व भएको तराई क्षेत्रलाई बाढीको खतराबाट जोगाउन मद्दत पुऱ्याएको छ । नेपालले खासगरी सन् २००८ को कोशीमा आएको बाढी जस्तो विपद्को बेला भूउपग्रह तथ्यांकको महत्त्व अझै प्रष्टसँग बुझेको देखिन्छ । यस विपद्पछि, सरकारले भूउपग्रह प्रणालीलाई थप प्राथमिकता दिन थालेको देखिन्छ । अहिले, नेपालमा झण्डै २०० भन्दा बढी मौसम स्टेसन सञ्चालनमा छन्, जसलाई भूउपग्रह तथ्यांकसँग मिलाएर मौसम पूर्वानुमान गर्ने काम गरिन्छ ।

हिमाली क्षेत्रहरूमा पनि भूउपग्रह प्रणालीले नयाँ ढंगले काम गरेको छ । जस्तै, हिमताल विस्फोटनको जोखिम बढिरहेको अवस्थामा, भूउपग्रहहरूबाट प्राप्त तस्वीरहरूले खतरनाक तालहरूको पहिचान गर्न र समयमै व्यवस्थापनका उपाय अपनाउन मद्दत गरेको छ । नेपालका झण्डै ३ हजार २१५ हिमतालमध्ये २० भन्दा बढीलाई जोखिमयुक्त मानिएको छ भने भूउपग्रह प्रणालीको मद्दतले यी तालहरूको निगरानी गर्न सम्भव भइरहेको छ ।

कृषि क्षेत्रमा पनि भूउपग्रहको प्रयोगको प्रभाव उल्लेखनीय छ । देशको ६५ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा निर्भर छ जहाँ भूउपग्रह तथ्यांकको प्रयोगले किसानहरूलाई माटोको चिस्यान, मौसमको अवस्थाबारे जानकारी दिँदै सही निर्णय लिन सक्षम बनाएको छ भन्न सकिन्छ । त्यसैले, भविष्यमा नेपालले आफ्नै मौसमसम्बन्धी भूउपग्रह सञ्चालन गर्न सके अन्य देशहरूमा निर्भरता कम गर्न र आफ्नो स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्नेछ ।

साथै यस भूउपग्रहबाट प्राप्त अन्य देशहरूलाई सहयोग गर्न सक्नेछ जसले नेपालले विश्वलाई लिनमात्रै होइन दिन पनि जानेको छ भन्ने सन्देशसँगै दिगो विकास लक्ष्यको बिभिन्न उद्देश्यहरूमा खासगरी १७ साझेदारीमार्फत योगदान गर्न सक्नेछ । हाल इसरो, नासा र जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी जस्ता संस्थाहरूसँगको साझेदारीले नेपाललाई भूउपग्रह तथ्यांकको पहुँचमात्र नभई परिष्कृत मौसम मोडेलहरू विकास गर्न पनि सघाएको छ ।

चुनौतीहरू अझै धेरै बाँकी छन् । प्राविधिक दक्षताको कमीले उपलब्ध तथ्यांकको सम्पूर्ण उपयोगमा बाधा पुऱ्याइरहेको छ । भूउपग्रह तथ्यांकलाई विश्लेषण गर्न र प्राविधिक पूर्वाधारलाई सुदृढ गर्न थप लगानी आवश्यक छ । यसका लागि नेपाली विश्वविद्यालयमा रहेका विज्ञ तथा उत्पादित युवा जनशक्तिलाई देशमै खपत गर्न जरूरी छ ।

नेपालमा जलवायु परिवर्तनको प्रभावले थप चुनौती थपेको छ । पछिल्लो दुई दशकमा औसत तापक्रम ०.६ डिग्री सेल्सियसले वृद्धि भएको देखिन्छ । पछिल्लो समयमा चरम मौसम घटनाहरूको आवृत्ति बढेको छ र मनसुन ढाँचामा पनि अस्थिरता आएको देखिएको छ । भूउपग्रह प्रणालीले यी प्रभावहरूको लामो समयसम्मको निगरानी गर्नसक्ने क्षमता प्रदान गर्दछ जसले दीर्घकालीन योजना र अनुकूलन रणनीतिमा सहयोग पुऱ्याउँछ ।

नेपालको मौसम पूर्वानुमानको विकास, भूउपग्रह प्रविधिबाट सञ्चालित एक दृढता र नवप्रवर्तनको कथा हो । प्रारम्भिक दिनहरूमा छरिएका निरीक्षणदेखि आजको अन्तर्राष्ट्रिय भूउपग्रह प्रणालीहरूको एकीकरणसम्म, देशले मौसम पूर्वानुमानको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । यद्यपि, थप सुधारका लागि प्राविधिक विशेषज्ञता, लगानी र साझेदारीलाई प्रोत्साहन गर्नुपर्नेछ । भूउपग्रह प्रविधिको उपयोगले न केवल ठ्याक्कै पूर्वानुमान दिन्छ, देशले बदलिँदो जलवायुमा कसरी अनुकूल हुने भन्ने समाधानको बाटो पनि खोल्छ । यसले भूउपग्रह प्रविधिको प्रभावलाई तथ्यगत रूपमा प्रस्तुत गर्दछ, नेपालको प्रगति र आगामी योजनालाई थप प्रष्ट्याउँछ ।

तर, चुनौती अझै धेरै बाँकी छन् । जस्तै, प्राविधिक दक्षताको कमीले उपलब्ध तथ्यांकको सम्पूर्ण उपयोगमा बाधा पुऱ्याइरहेको छ । भूउपग्रह तथ्यांकलाई विश्लेषण गर्न र प्राविधिक पूर्वाधारलाई सुदृढ गर्न थप लगानी आवश्यक छ । यसका लागि नेपाली विश्वविद्यालयमा रहेका विज्ञ तथा उत्पादित युवा जनशक्तिलाई देशमै खपत गर्न जरुरी छ । जस्तै, त्रिभुवन विश्वविद्यालयअन्तर्गत भौतिकशास्त्र केन्द्रीय विभागले बर्सेनी यस्ता कार्यका लागि आवश्यक जनशक्ति उत्पादन गरिरहेको छ तर राज्यले यस्ता जनशक्तिलाई खटाउन गृहकार्य गर्न सकिरहेको छैन ।

फलस्वरूप यी दक्ष युवा जनशक्ति आफ्नो सीप विश्वका अन्य मुलुक तथा त्यहाँस्थित मौसम विज्ञानमा काम गर्ने अनुसन्धान प्रयोगशालामा कार्यरत छन् । भौतिक विज्ञानबाट आएकै कारण नेपालमा यो जनशक्तिलाई राज्यले चिन्न सकिरहेको छैन जुन राज्यकै लागि दुर्भाग्यपूर्ण छ । यसतर्फ राज्यले ध्यान दिँदै नेपाल सरकारको यस क्षेत्रमा काम गर्ने संस्था जस्तै जल तथा मौसम विभाग, वातावरण विभागजस्ता संस्थामा यस्ता जनशक्तिलाई उपयुक्त अवसर सिर्जना गरी खपत गर्न जरुरी भइसकेको छ । साथै, जनशक्तिको क्षमतालाई थप परिष्कृत गर्न विश्वविद्यालयभित्र प्राध्यापकहरूले सीमित स्रोत तथा साधनका बाबजुद पनि सञ्चालन गरिरहेका प्रयोगशालालाई स्तरोन्नतिका लागि राज्यले थप लगानी गर्दै देशको विकासमा अग्रसर गराउन आवश्यक देखिन्छ ।

(भट्टराई राष्ट्रिय वायुमण्डलीय स्रोत तथा वातावरण अनुसन्धान प्रयोगशाला (नारेल) मा अनुसन्धानकर्ताको रूपमा कार्यरत हुनुहुन्छ ।

CMYK

# भारतका स्थल सेनाध्यक्षको नेपाल-भ्रमण

**विगतमा भारतीय सेनाले नेपाली सेनाको संगठन पुनःसंरचनामा सघाएदेखि नै दुई देशबीचको सम्बन्धमा कहिल्यै चिसोपना देखिएन । २०७२ को महाभूकम्पपश्चात खोजी, उद्दार र राहतका लागि हेलिकप्टरसहितको जनशक्तिको सहयोग नेपाललाई प्राप्त भएको थियो । भूकम्पले क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणमा भारत सरकारले ठूलो सहयोग गरेको हो ।**



■ श्रीमन नारायण

नेपाल र भारतबीच परम्परागत बहुआयामिक सम्बन्ध रहिआएको छ । आर्थिक, सामाजिक एवं सांस्कृतिक सम्बन्धको प्रगाढताका कारण यी दुई देश एकअर्काका निम्ति अभिन्न छन् । जनस्तरमा स्थापित सम्बन्धको प्रगाढताका कारण नेपाल-भारतबीच क्रान्तिको सम्बन्ध स्वतः कायम हुनगएको छ । भारतको स्वतन्त्रता आन्दोलनमा नेपालीहरूको सहयोग एवं सक्रियता तथा नेपालको राजनीतिक परिवर्तनमा भारतको सहयोग यसका उदाहरण हुन् । उपरोक्त सम्बन्धहरूका साथै नेपाल-भारतबीच प्रगाढ सैनिक सम्बन्ध रहेको यथार्थलाई पनि बिर्सन सकिँदैन । नेपाल-भारतले एकअर्का देशका प्रधानसेनापतिलाई ' मानार्थ सेनापति को दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा रहिआएको छ ।

दक्षिणी छिमेकी भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीलाई नेपाली सेनाको 'मानार्थ महारथी को सम्मान प्रदान गरिनु यसैको उदाहरण हो । दक्षिणी छिमेकी भारतका स्थल सेनाध्यक्ष नेपालको पाँच दिवसीय मैत्रीपूर्ण भ्रमणमा नेपाल आएका छन् । उनको यस भ्रमणले दुई देशबीचको सैन्य सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै परस्पर विश्वासलाई बढाउने निश्चित छ ।

नेपाल-भारतबीच सन् १९५० देखि एकअर्कोदेशका सेना प्रमुखलाई 'मानार्थ महारथी को दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ । छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्द्रता कायम राख्न एउटा महत्त्वपूर्ण कडीका रूपमा भूमिका खेल्ने विश्वास गरिन्छ । सम्बन्धको संवेदनशीलता र महत्त्व राजनीतिभन्दा अलग छ । यो सम्बन्ध धेरै अघिदेखिको हो । पहिलो र दोस्रो विश्वयुद्धदेखि नै नेपाली युवाले गोर्खा सैनिकमा भर्ना भई योगदान दिइरहेका छन् ।

विगतमा भारतीय सेनाले नेपाली सेनाको संगठन पुनःसंरचना सघाएदेखि दुई देशबीचको सम्बन्धमा कहिल्यै चिसोपना देखिएन । विसं २०७२ सालमा नेपालमा आएको महाभूकम्प पश्चात् खोजी, उद्दार र राहतका लागि हेलिकप्टरसहितको जनशक्तिको सहयोग नेपाललाई प्राप्त भएको थियो । भूकम्पका कारण क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणमा भारत सरकारले ठूलो सहयोग गरेको हो । विसं २०७२ सालमा मधेस आन्दोलनका कारण सिमानाका अवरुद्ध हुँदा सीमा खुलाउने विषयमा पनि नेपाललाई सहयोग प्राप्त भएकै हो ।

राजनीतिक क्षेत्रबाट कुनै प्रश्न उठेमा सैनिक कूटनीतिका माध्यमद्वारा सम्बोधन गर्न सकिन्छ भने उदाहरणको रूपमा पनि यसलाई लिन सकिन्छ । भारतमा कार्यरत गोरखा सैनिक हाम्रो निम्ति एक किसिमले कूटनीतिक दूत हुन् । नेपाल-भारतबीच सैनिक तहमा स्थापित सम्बन्ध, सैनिक कूटनीतिकका क्षेत्रमा संसारका लागि एउटा सशक्त उदाहरण बनेको छ । नेपाल- भारतबीच सैनिक सम्बन्धमात्र नभई समानखाले सामाजिक, सांस्कृतिक, धार्मिक भाषिक, भौगोलिक अवस्थाले जनस्तरमा समेत गहिरो र विशिष्ट सम्बन्ध छ । यसले एकअर्काबीचमा सहयोग, सम्बन्ध र सम्पर्कलाई बलियो तुल्याएको छ ।

दुवै राष्ट्रका सैनिक संठनबीच विभिन्न तहमा तालिम, अभ्यास, भ्रमण आदान-प्रदान निरन्तर हुँदैआएका छन् । नेपाली फौज भारतमा र भारतीय फौज नेपालमा आएर गरिँदै आएको संयुक्त अभ्यासले विश्वमा विकास भइरहेको सैनिक रणनीति तथा अनुभव र ज्ञानको आदानप्रदानमा पनि योगदान पुऱ्याएको छ । भारतीय सेनामा नेपाली युवा कार्यरत रहनुले जनस्तरमा एक किसिमको आत्मीयता रहेको छ । यसले नेपाल-भारतबीच जनस्तरमा विशिष्ट तथा माथिल्लो स्तरको सम्बन्ध कायम राख्न मलजल गरेको छ । सैनिक संठनबीचको सम्बन्धलाई फलदायी बनाएको छ । प्राकृतिक विपत्ति र प्रकोपका समयमा तत्कालै सहयोग भारतबाट प्राप्त भइरहेको छ ।

आणविक शक्ति सम्पन्न भारत अहिले आधुनिक हात हतियारले सुसज्जित विश्वको प्रमुख शक्तिशाली राष्ट्रहरूमध्येको एक हो । भारतीय सेनाको प्राथमिकतामा ठूला तथा शक्तिशाली देश पर्ने भए पनि नेपालको विकास समृद्धि तथा नेपाली सैनिकको क्षमता अभिवृद्धिलाई भारतले उत्तिको प्राथमिकतामा राखेको छ । दक्षिण एशियाकै पुरानो संगठन नेपाली सेना अन्तर्राष्ट्रियस्तरमा जानकार, साहसिक, व्यावसायिक अनुशासित रहेको भन्ने छिमेकी भारतको बुझाइ छ । भारत हरेक किसिमले नेपाली सेनालाई सहयोग गर्न तयार रहेको देखिन्छ । प्रत्येक देशका सेनाको पहिलो कर्तव्य भनेको राष्ट्रिय तथा स्वाधीनताको संरक्षण र संवर्द्धन गर्नु हो ।

मुलुकको परराष्ट्र नीतिमा पनि राष्ट्रिय सुरक्षालाई सम्बर्द्धन र प्रवर्द्धन गर्ने भनेको छ भने राष्ट्रिय सुरक्षा नीतिले सैनिक कूटनीतिलाई मिल्दो रूपमा संरक्षण गर्ने भन्ने उल्लेख छ । नेपाल-भारतका फौजले सैनिक कूटनीतिका माध्यमबाट जुनसुकै समस्या र उठेका प्रश्न हल गर्न सकिन्छ भन्ने विगतका घटनाबाट पुष्टि भइसकेका छन् । नेपाल-भारतबीच सन् १९५० पछि एकअर्का देशका सैनिक प्रमुखलाई मानार्थ महारथीबाट विभूषित गर्ने परम्परालाई विश्वका अन्य कतिपय देशहरूले पनि छिमेकीबीचको असल अभ्यासको रूपमा हेर्ने गरेका छन् । छिमेकीबीचमा अटल सैनिक सम्बन्ध विस्तारमा यस्तो संस्कृतिको ठूलो भूमिका हुने गर्दछ । आपसी सहमतिमा नेपाली सेनालाई क्षमता अभिवृद्धिका लागि तालिम र भौतिक सामग्री बेग्लै विधिद्वारा उपलब्ध गराउँदै आएको छ ।

नेपाली सेनालाई आवश्यक पर्ने सैन्य रणकौशल, अप्रेसनल र रणनीतिक तहका व्यावसायिक तालिममध्ये राष्ट्रिय प्रतिरक्षा तालिममा भारतले उपलब्ध गराउने कोटामा नेपाललाई प्राथमिकता दिँदै आएको छ । नेपाल-भारतीय सेनाबीचको सहकार्यलाई अघि बढाउने सन्दर्भमा दुवै मुलुकबीच नियमित बैठक हुँदै आएका छन् । नियमित रूपमा एकअर्का देशमा हुँदैआएको 'अभ्यास सूर्य किरणले पछिल्ला वर्षमा सैनिक संगठनबीचको सम्बन्ध सुदृढ तुल्याउन कोशेढुंगाको काम गरेको छ । दुवै देशका सैनिक सम्मिलित 'माउण्ट एभरेष्टु आरोहण पनि विगतमा भएको थियो ।

दुई देशका सैनिकबीचको निरन्तर सम्पर्क, भ्रमणको आदानप्रदान र सहकार्यले आपसी सम्बन्धलाई थप प्रगाढ बनाउने गरेको छ । दक्षिणी छिमेकी भारतमा केहीअघि लागू गरिएको 'अग्निपथु नामक नयाँ सैनिक भर्ना अभियानमा नेपाली युवाहरूको सहभागिता भएको छैन । अब यसले निरन्तर पाउने अपेक्षा गरिन्छ । हुन पति नेपाली युवाहरू रुस र युक्रेनको अवैध सैनिकको रूपमा काम गर्दै आफ्नो ज्यान गुमाइरहेका छन् । केही युवाको शव पनि नेपाल आउन सकेन । भारतीय सेनामा काम गर्न नेपाली गोरखाहरू त्यहाँ मान, सम्मान र समुचित तलब सुविधा प्राप्त गरिरहेका छन्, तसर्थ भारतीय सेनामा नेपाली गोरखा भर्ती अविलम्ब सुरु गरिनुपर्छ । भारतीयस्थल सेनाध्यक्षको नेपाल भ्रमणले दुई देशबीचको सम्बन्धलाई प्रगााढ नै बनाउनेछ ।

## 'मौलिक अर्थतन्त्र' प्रकाशित

**काठमाडौं ⁄ हिटा ।** आर्थिक लेखक, विश्लेषक तथा पत्रकार रिसव गौतमको नयाँ पुस्तक 'मौलिक अर्थतन्त्र' बजारमा आएको छ । सैद्धान्तिकभन्दा पनि अर्थतन्त्रका विविध विषयगत क्षेत्रमा पुस्तक केन्द्रित रहेको लेखकले जनाउनु भएको छ । पुस्तकमा आफ्नै मौलिकतामा देशको विकास निर्माणलाई अघि बढाउनुपर्ने तर्क अघि सारिएको छ ।

पुस्तकमा भनिएको छ 'नेपाली अर्थतन्त्रको विकल्प भनेको मौलिक हिसाबको विकास निर्माण हो । संसारका देशहरूले आ-आफ्ना सबलता, प्राकृतिले दिएका विशिष्ठ स्रोतसाधन अनुसार विकासलाई अघि बढाएका छन् । नेपालले पनि एउटा भूपरिवेष्ठित, पहाडी एवं हिमाली देश भएको नाताले प्राकृतिक स्रोतसाधन, भौगोलिक परिवेश, मौलिक संस्कार तथा संस्कृति अनुरूप विकासको बाटोमा अघि बढ्नुपर्छ ।

पुस्तकमा मौलिकताको विषयसँगै वित्तीय क्षेत्र, सहकारी, बीमा, जलविद्युत, शेयर बजार, पर्यटन जस्ता अर्थतन्त्रका प्राविधिक विषयमाथि केन्द्रित छ । अर्थतन्त्रको विगत, वर्तमान र भविष्यमा केन्द्रित पुस्तकले विश्व अर्थतन्त्रलाई पनि केल्याउने प्रयास गरेको छ । अर्थतन्त्रबारे रुचि राख्नेलाई मात्र नभएर पुस्तक लोकसेवा आयोगको तयारी गर्नेहरू तथा शेयर बजारका लगानीकर्तालाई उपयुक्त हुनसक्नेछ । प्रदर्शनीमार्गस्थित कालिञ्चोक पुस्तक पसल वितरक रहेको पुस्तकको मूल्य ५ सय रुपैयाँ रहेको छ ।

## इलाम बजारमा फुड फेस्टिभल

**प्रकाश नेपाल ⁄ हिटा**

इलाम, ८ मंसिर

इलाम सदरमुकामको इलाम बजारमा शनिबारबाट फुड फेस्टिभल सुरु भएको छ । आइतबारसम्म चल्ने फेस्टिभल इलाम बजारको सिटीमार्टको प्रांगणमा भइरहेको छ । फेस्टिभलको उद्घाटन कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर राना मगरले गनुभयो ।

इलामस्थित होटल व्यवसायी संघ आयोजनामा भएको फेस्टिभलका १६ स्टलमा विभिन्न रैथाने खानेकुरा रहेका छन् । कोशी प्रदेश होटल व्यवसायी महासंघको इलाममै हुने अधिवेशनलाई लक्षित गरी फेस्टिभल आयोजना गरिएको हो । फेस्टिभलमा विभिन्न जातीय सांस्कृतिक परिकारका स्टल राखिएको संघका अध्यक्ष देवीप्रसाद पौडेलले बताउनुभयो । स्टलहरूलाई प्रतिस्पर्धा गराई पहिलो, दोस्रो, तेस्रो र सान्त्वना पुरस्कारसमेत प्रदान गरिने आयोजकले जनाएको छ ।

**सूचना**

यस संस्थामा शेयर प्रमाणपत्रहरूको अभौतिकीकरण (Dematerialization) हुनु भन्दा अगाडि खरिद⁄बिक्रीका लागि दिइएको केहि भौतिक (Physical) शेयर प्रमाणपत्र यस प्रा.लि. मा रहेको हुँदा लिन बाँकी शेयरधनिहरूले आफ्नो शेयर प्रमाणपत्रहरु संकलन गर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त प्रमाणपत्र लिन आउँदा आफ्नो परिचय खुल्ने नागरीकता र यस संस्थाले दिएको खरिद⁄बिक्री रसिद अनिवार्य ल्याउनुहुन अनुरोध गरिन्छ ।

SWETA SECURITIES
स्वेता सेक्युरिटिज प्रा.लि.

**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चरिकोट दोलखा, बागमती प्रदेश, नेपाल

**निर्माण कार्य सम्बन्धि बोलपत्र आव्हानको सूचना**

सूचना प्रकाशित मिति : २०८१/०८/०९

यस नगरपालिकाको तपशिल बमोजिमको निर्माण कार्य गर्न इजाजत प्राप्त योग्य फर्म/कम्पनीले रीतपूर्वकको बोलपत्र विद्युतीय खरिद प्रणाली **(E-Bid)** मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी कागजात र विस्तृत सूचना **www.bolpatra.gov.np/egp** को **bid Document** मा हेर्न र **download** गर्न सकिनेछ । बोलपत्र सम्बन्धी कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का/आयोजनाको नाम | लागत अनुमान (VAT बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | BMP/NCB/WORKS/2081-82/E/04 | Ramjanaki Chimsegade Sadak Nirman | ४३,१२,६६२/५३ | ३,०००/- | १,२०,०००/- | २०८१/०९/०९ गते १२ बजेभित्र | २०८१/०९/०९ गते १ बजेपछि |
| २. | BMP/NCB/WORKS/2081-82/E/05 | Wada Karyalaya Bhawan Nirman | ४८,५०,२३०/७० | ३,०००/- | १,३०,०००/- | | |

**Indrasarowar Rural Municipality**
**Office of Municipal Executive**
Kulekhani, Makawanpur
Bagmati Province, Nepal

**Invitation for Bids**

**Date of Publication: 2081/08/09 B.S (24/11/2024 A.D)**

1. *Indrasarowar Rural Municipality* invites electronic bids from eligible bidders for the *execution of below Mentioned works* under National Competitive Bidding procedures.

| Identification No: | Work Description | Total amount excluding VAT and Contingencies (NRs.) | Bid security amount (Rs) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|
| IRM/NCB/Roads/01/081/082 | Sanotar Thulotar Aduwabari Sulikot Sadak | Rs. **17,251,664.18** | Rs.5,00,000.00 | Rs.3,000.00 |

2. Information to deposit cost of bidding document and bid bond security in the bank.

| Office Name | Indrasarowar Rural Municipality | Remarks |
|---|---|---|
| Rajaswa A/C Name and No. | Acc. Name: Ga 1.1 Antarik Rajaswa Khata (Indrasarowar Ga.Pa.) Acc. No. 35604010000008 | For Bid Document Fee |
| Dharauti A/C Name and No. | Ac. Name: Sthaniya Taha Dharauti Khata (Indrasarowar Ga Pa) Acc. No. 35604010000004 | For Bid Security Amount |
| Bank Name and Branch | Global IME Bank Limited, Indrasarovar Branch, Makawanpur | |

3. Information to submission of bid

| | |
|---|---|
| Last date and time of Bid Submission | 24/12/2024 at 12:00 am |
| Date and Time Bid Opening | 24/12/2024 at 2:00 pm |
| Office | Indrasarowar R.M., Kulekhani, Makawanpur |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same specified for the original last date of bid submission.
5. The Rural municipality reserves the right to accept or reject any proposal according to the public procurement Act, 2063 and Regulations, 2064.
6. Eligible Bidder may obtain further information and bidding documents electronically at the website of Public Procurement Monitoring Office E-Gp System: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**Malika Rural Municipality**
**Office of Rural Municipal Executive**
**Darbang, Myagdi**

**Invitation for Online Sealed Quotation (e-Sealed quotation)**

**Date of Publication: 24th Nov, 2024 (2081/08/09)**

Office of Rural Municipal Executive, Malika Rural Municipality, Darbang, Myagdi has allocated funds and intends to apply part funds to procure goods of below mentioned contract.

| Contract ID | Name of Project | Total Budget (VAT Inclusive) | Bid Security | Fee for Bid Documents |
|---|---|---|---|---|
| MRM/MGD/SQ/Goods/081/082-01 | Supply and Delivery of Medicine | NRs 15,00,000 | NRs 45000 | NRs 1,000 |

1. Bidders can get further information from Office of Malika Rural Municipality, Darbang, Myagdi (069420022,Website:www.Malikamun.gov.np email:malikamunmyagdi@gmail.com) or visit PPMO's website: www.bolpatra.gov.np/egp and interested bidders should submit online quotation through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document (NRS 1000) in the following details :
   **Account Holder: GA-1.1 MALIKA GA.PA. ANTARIK RAJASWO KHATA**
   **Account No: 07501100008400132**
   **Bank Name: Prabhu Bank Ltd.**
   **Branch Name: Darbang Branch**
   **Office Code: 80444504300**
   **Revenue Code:14229**
2. Any amendment in the quotation notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Malika rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**बबरमहल, काठमाडौं, नेपाल**

**नाइलन डाँक थैला खरिद गर्ने बारेको बोलपत्र आह्वानको सूचना**

**पुनः सूचना नं.: ४-२०८१/०८२**
**पुनः सूचना प्रकाशित मिति : २०८१/०८/०९ गते**

यस विभागलाई आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने नाइलन डाँक थैला विद्युतीय माध्यमबाट बोलपत्र मार्फत खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक संस्था/फर्म/कम्पनीहरुलाई यो सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्त र रीत पुरा गरी E-bidding Portal **www.bolpatra.gov.np/egp** मार्फत बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम **e-Gp System** को **www.bolpatra.gov.np/egp** बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।
२. इजाजत प्राप्त इच्छुक योग्य फर्म/संस्था/कम्पनीले बोलपत्र पेश गर्नु अघि e-Gp system मा register गर्नु पर्नेछ । बोलपत्र दस्तुर बापत रु.३,०००।०० देहायको बैंकमा जम्मा गर्नु पर्नेछ ।
   **बोलपत्र दस्तुर जम्मा गर्ने प्रयोजनको लागि विवरण :**
   **बैंकको नाम :** राष्ट्रिय बाणिज्य बैंक, टेकु — **शाखा कार्यालयको नाम :** कोष तथा लेखा नियन्त्रक कार्यालय
   **कार्यालय कोड नं. :** ३५८०३३५०२ — **कार्यालय खाता नं. :** क-१-१-९९९
   **राजश्व शिर्षक नं. :** १४२२९ (अन्य प्रशासनिक शुल्क)
३. बोलपत्रदाताले देहायको बिड सेक्युरिटी रकम को.ले.नि.का. बबरमहलको नाममा रहेको १२०१२००००१००२५२४ नम्बरको नेपाल राष्ट्र बैंक बालुवाटार स्थित धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सोही रकम बराबर बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनको अवधि रहेको मान्यता प्राप्त क वर्गको बैंकको बैंक जमानत पत्र (बिड बण्ड) कबुल गरी पेश गर्नु पर्नेछ ।
४. इच्छुक बोलपत्रदाताले **www.bolpatra.gov.np/egp** मा विद्युतीय माध्यमबाट सूचना प्रकाशनको १६औं दिन २०८१/०८/२४ गते १२:०० बजेभित्र pdf format मा बोलपत्र तयार गरी पेश गर्नु पर्नेछ । बोलपत्रदाताले पेश गरेको बोलपत्रको सक्कल प्रति बोलपत्र पेश गर्ने अन्तिम मितिबाट २ (दुई) दिन भित्रमा यस विभागमा पेश गर्नु पर्नेछ । बोलपत्रदाताले पेश गरेका कागजपत्रहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।
५. विद्युतीय माध्यमबाट **www.bolpatra.gov.np/egp** मा **upload** भएका बोलपत्रहरु २०८१/०८/२४ गते २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
६. बोलपत्रमा उल्लिखत सामाग्रीहरु पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा थपघट गर्ने अधिकार हुलाक सेवा विभागमा निहित रहने छ ।
७. अन्य कुराहरुको जानकारी लिन, नाइलन डाँकथैला नमुना हेर्न आवश्यक परेमा हुलाक सेवा विभाग, बबरमहल, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।
८. विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने सम्बन्धी प्राविधिक जानकारी लिन आवश्यक ठानेमा सार्वजनिक खरिद अनुगमन कार्यालयमा सम्पर्क गर्न सकिने छ ।
९. बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।
१०. बोलपत्र फारामसाथ फर्म वा कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने ईजाजत पत्र, मु.अ.क. स्थायी लेखा नम्बर, दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र (आ.व.२०८०/०८१ सम्मको) प्रमाणित प्रतिलिपी र कानून बमोजिमको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।
११. यो सूचनामा उल्लेख नभएका कुराहरु बोलपत्रमा कागजात, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

| ठेक्का नं. | खरिद विवरण | खरिद प्रकार | बोलपत्र दस्तुर (रु.) | बिड जमानत रकम (रु.) |
|---|---|---|---|---|
| PSD/G/NCB– 4/2081/82 | नाईलन डाँक थैला आपूर्ति | बोलपत्र | ३,०००/- | ५,००,०००/- |

## इ-प्लानेटलाई टप अफ द टावर अवार्ड

**काठमाडौं ।** एजुकेसन प्लानेट प्रालि (इ-प्लानेट)ले आफ्नो उत्कृष्ट योगदानका लागि दक्षिण एसियामा 'टप अफ द टावर' शीर्षकको अवार्ड प्राप्त गरेको छ ।

यो सम्मान एजेन्स एक्सिलेन्स अवार्ड-२०२४ अन्तर्गत युनिभर्सिटी अफ टेक्नोलोजी सिड्नी (युटिएस)ले प्रदान गरेको हो ।

यो पुरस्कारले दक्षिण एसियामा शैक्षिक परामर्श सेवामा उत्कृष्टता, विद्यार्थी सहयोग तथा विश्वव्यापी साझेदारीमा इ-प्लानेटको सफलतालाई सम्मानित गरेको इ-प्लानेटले प्रेस विज्ञप्ति जारी गर्दै बताएको छ ।


# Marin Rural Municipality
## Office of the Rural Municipal Executive
**Kapilakot, Sindhuli**

**Invitation for Bids**

*First Date of Publication: 2081/08/09 (2024/11/24)*

1. **Office of the Rural Municipal Executive, Marin Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of **Waste Management, Marin-03** under National Competitive Bidding procedures.
2. The eligible Bidder may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp.** Bidders, submitting their bid electronically, should deposit the cost NRs. 3,000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids

**Name of the Bank :** Rastriya Banijjya Bank Kapilakot, Branch - Kapilakot, Sindhuli
**Name of Office :** Office of the Rural Municipal Executive, Marin Rural Municipality
**Office Account no. :** Marin Gaa.Pa Ga-1-1 Aantarik Rajaswo No. 1530100301010002
**Revenu number :** 14229

| Contract Identification No. | Description of work | Estimate Amount Including VAT (NRs.) | Bid security Amount (NRs.) | Last Date of Purchase | Last Date of Bid submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| MRM/Sindhuli/Works/NCB /05/2081-2082 | Waste Management, Marin-03 | 1,91,95,110.49 | 4,85,000 | 2024-12-24 | 2024-12-24 12.00hrs | 2024-12-24 14.00hrs |

**Chief Administrative Officer**



**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**रुपन्देही**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०८/०९ गते**

यस कार्यालयको मिति २०८१/०६/२२ गते नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याँकित सारभूतरुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | खरीद नं. | योजनाको नाम | सफल बोलपत्रदाताको नाम | कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|---|
| 1. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/01/081/82 | Upgradation work of Road and Drain at Prabhas Area Tansen Na. Pa. Ward No.-7, Palpa. | Banjade Buiders, Sandhikharka Municipality-02, Arghakhanchi | 64,53,062.91 |
| 2. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/02/081/82 | Road Upgrading Work From Prabhas to Sarswati Ma.Bi., Tansen Ward No.-7 in Prabhas. | Banjade Buiders, Sandhikharka Municipality-02, Arghakhanchi | 64,51,186.51 |
| 3. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/03/081/82 | Road Upgrading Work At Sainamaina Chakrapath Patna Village Malmala, Rupandehi | Premium Construction and Suppliers Pvt. Ltd., Kathmandu-14 | 60,29,575.45 |
| 4. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/04/081/82 | Upgrading Road From Balapur to Mausam Chowk, Sainamaina Municipality, Rupandehi | L.B. Construction, Butwal-09, Rupandehi | 63,94,528.02 |
| 5. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/05/081/82 | Upgrading Drain and Road From Dui Muhan to Chisapani Sainamaina-11, Rupandehi | Siddha Kumakh Builders Buddanagar-10, Kathmandu | 50,75,712.20 |
| 6. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/06/081/82 | Arghale Bhandari Tol Road Upgradation Work at Resunga Municipality, Gulmi | B&D Nirman Sewa, Resunga-07, Gulmi | 66,22,077.27 |
| 7. | DUDBC/FPIU/Rupandehi/ Works/NCB/07/081/82 | Jhakrisalla Aamdada Road Upgradation Work At Resunga Municipality, Gulmi | Arghakhanchi Gaire Construction Pvt. Ltd., Sandhikharkha-01, Arghakhachi | 57,85,689.97 |

**आयोजना प्रमुख**



# Shikhar Municipality
## Office of the Municipal Executive

**Invitation for Online Bid**

**(Notice No: 04/081/082)**

*Date of First Publication: 2081-08-09 (24th Nov, 2024)*

1. Shikhar Municipality, Doti, invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Estimated Cost (NRs.) Without Vat/PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 08-081/082/ NCB/SMDOTI | Kedareshwor School Hostel Building Construction Work Shikhar Municipality-01, Doti | 90 days | 91,04,193.11 | 3,00,000.00 | 3,000.00 |
| 2 | 09-081/082/ NCB/SMDOTI | Construction of Harihar Secondary School Building Shikhar Municipality-06, Doti | 90 days | 1,24,81,731.31 | 4,00,000.00 | 3,000.00 |

2. Purchase, Submission and Opening:

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 23/12/2024 | 16:00 | 24/12/2024 | 12:00 | 24/12/2024 | 13:00 | Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. Revenue Details:

| Account holder's Name | Bank Name and Address | Office Code | Account Number | Revenue Heading No. |
|---|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200001 | 06600106200001 |

4. Bid Security Details:

| Account Holder's | Name Bank Name and Address | Office Code | Account Number |
|---|---|---|---|
| Shikhar Municipality Office, Talkot, Doti | Everest Bank Ltd, Shikhar, Doti | 801077102 | 06600106200002 |

5. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Shikhar Municipality, Doti.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.


# नेपाल फिल्म सोसाइटीको अध्यक्षमा पुनः अभिनेता कृष्ण मल्ल

**हिमालय टाइम्स**
काठमाडौं, ८ मंसिर



नेपाल फिल्म सोसाइटीको केन्द्रीय अध्यक्षमा अभिनेता कृष्ण मल्ल पुनः निर्विरोध निर्वाचित हुनुभएको छ । नेपाल फिल्म सोसाइटीको १२औं साधारणसभाले मल्ललाई अध्यक्षमा चयन गरेको हो ।

काभ्रे पलाञ्चोकको बल्थलीस्थित थुम्की रिसोर्टमा भएको साधारणसभा धुलिखेल नगरपालिकाको नगर प्रमुख अशोक ब्याञ्जु श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । साधारणसभामा अभिनेत्री बसुन्धरा भुसाल, गायक प्रेमराजा महत, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक समाजका अध्यक्ष जनकदिप पराजुली, अभिनेत्री करिश्मा मानन्धरलगायत उपस्थित रहनुभएको थियो ।

अध्यक्षमा निवार्चित भएपछि अध्यक्ष मल्लले नेपाली कलाकारिताको विकासमा आफू कटिबद्ध भई लागि पर्ने र नेपाली फिल्मलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन अहोरात्र खट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अमेरिका र बेलायतमा समेत शाखा रहेका सोसाइटीको प्रथम उपाध्यक्षमा निर्माता मोहनकृष्ण श्रेष्ठ, द्वितीय उपाध्यक्षमा नारायण प्रधान तथा तृतीय उपाध्यक्षमा राकेश खड्का निर्वाचित हुनुभएको छ भने महासचिवमा राजेन्द्रकुमार बिसुराल, सचिवमा टंकनाथ पौडेल, कोषाध्यक्षमा शंकरलाल श्रेष्ठ, सह-कोषाध्यक्षमा दुर्गा बिशुराल तथा सदस्यहरूमा सुनिल कटुवाल, मदुकुमार श्रेष्ठ, गोपालकाजी कायस्थ, शिवहरि बैरागी, शर्मिला मल्ल, आरपी पन्त र सुभाष खड्का सर्वसम्मत चयन हुनुभएको छ ।

# 'निरु शर्मा पराजुली अन्तर्राष्ट्रिय साहित्य पुरस्कार' प्राडा. देवी नेपाललाई



**हिमालय टाइम्स**
काठमाडौं, ८ मंसिर

'निरु शर्मा पराजुली अन्तर्राष्ट्रिय साहित्य पुरस्कार' प्राडा.देवी नेपाललाई प्रदान गरिने भएको छ । नेपाली तथा असमी दुवै भाषामा बराबर कलम चलाउने बहुमुखी प्रतिभा निरु शर्मा पराजुलीको गतवर्ष निधन भएपछि उहाँका श्रीमान् गोवाहाटी उच्च अदालतका सरकारी वकिल जयन्तकुमार पराजुलीद्वारा स्थापित उक्त पुरस्कार नेपालका स्रष्टा प्राडा.देवी नेपाललाई प्रदान गर्न लागिएको हो ।

असम नेपाली साहित्य सभाद्वारा गठित नव सापकोटा (असम), डा.जीवन राणा (दार्जिलिङ) र चन्द्र भण्डारी (नेपाल) रहेको तीन सदस्यीय प्रतिभा चयन समितिले डा.नेपालको नाम प्रस्ताव गरेपछि सभाले उक्त निर्णय गरेको हो । सिर्जना, समालोचना, बालसाहित्य, सिर्जनात्मक लेखन प्रशिक्षण तथा विभिन्न प्राज्ञिक कर्महरूको उच्च मूल्यांकन गरी डा.नेपाललाई पहिलोपटक यो पुरस्कार प्रदान गर्न लागिएको जानकारी सभाका सभापति दुर्गा खतिवडा, कार्यकारिणी सभापति डा.चिन्तामणि शर्मा र मूलसचिव मदन थापाबाट प्रेषित पत्रबाट प्राप्त भएको छ ।

भारतीय रुपैयाँ ६० हजार (नेपाली एक लाख रुपैयाँ) नगदसहितको उक्त पुरस्कार आगामी डिसेम्बर ५ देखि ८ सम्म उपल्लो असमको गोलाघाट जिल्लामा रहेको सरुपथार सहरमा आयोजना हुने असम नेपाली साहित्य सभाको १६औं महाधिवेशन तथा स्वर्णजयन्ती समापन समारोहमा असम राज्यका मुख्यमन्त्री डा.हिमन्त विश्व शर्मा र सिक्किम राज्यका मुख्यमन्त्री प्रेमसिङ तामाङ (पिएस गोले) को हातबाट प्रदान गरिने जनाइएको छ ।

असम नेपाली साहित्य सभाले सार्वजनिक गरेको कार्यसूचीअनुसार उल्लिखित चार दिनमा सभाको १६औं महाधिवेशन तथा स्वर्णजयन्ती समारोहका साथै विभिन्न सांस्कृतिक झाँकीहरूको प्रदर्शन, नेपाली भाषामा एकरूपता सम्बन्धी अन्तर्राष्ट्रिय संगोष्ठी, अन्तर्राष्ट्रिय कविसम्मेलन, राष्ट्रिय युवा साहित्यकार सम्मेलन, सांस्कृतिक साँझ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार अर्पण तथा स्रष्टा सम्मानका साथ भव्य समापनजस्ता कार्यक्रम रहेका छन् ।

उक्त समारोहमा नेपालबाट नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति विमल निभा, प्राडा.गोविन्दराज भट्टराई, शरच्चन्द्र वस्ती, चन्द्र भण्डारी, विमल वैद्य, दीपक सुवेदी, विष्णु न्यौपाने, डा.गोपीकृष्ण खतिवडा, भगवती ढुंगेल, भरत गुरागाईं बर्बरिक, दुर्गा सिग्देल, तुलसीप्रसाद भट्टराई, प्रिन्स प्रमोद ढकाललगायत अन्तर्राष्ट्रिय पुरस्कारबाट पुरस्कृत प्रतिभा प्राडा.देवी नेपाल र श्रीमती टीका पौडेल अन्य केही साहित्यकारका साथै बिर्तामोडको पञ्चेबाजा समूहको समेत सहभागिता रहने कुराको जानकारी सभाका मूलसचिव मदन थापाले दिनुभएको छ ।

# 'परालको आगो'मा सुहाना

**हिमालय टाइम्स**
काठमाडौं, ८ मंसिर



चलचित्र 'परालको आगो'मा अभिनेत्री सुहाना थापा अनुबन्धित हुनुभएको छ । चलचित्र निर्माण कम्पनी हरिओम सिने मेकर्सका तर्फबाट निर्माता सुशील पोखरेलले सुहानालाई चलचित्रमा अनुबन्धित गर्नुभएको हो । मैनाली कथा पुरस्कार ट्रष्टले केही समयअघि हरिओम सिने मेकर्स निर्माता कम्पनीलाई चलचित्र निर्माणको मञ्जुरी दिएको छ । 'परालको आगो' मैनालीको कथासंग्रह 'नासो'मा संग्रहित छ । कथाकार गुरुप्रसाद मैनालीको कृति 'परालको आगो' चलचित्रमा अनुबन्धित भएपछि सुहानाले खुशी व्यक्त गर्नुभएको छ । 'एउटा अमर कृतिमा काम गर्न पाउनु मेरो लागि सौभाग्य हो । त्यहीकारण मैले घरबाहिरको चलचित्र पहिलोपटक साइन गरें', सुहानाले भन्नुभयो ।

निर्माता पोखेलका अनुसार चलचित्रको प्रदर्शन २०८२को दशैंमा हुनेछ । यो नाममा ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले चलचित्र निर्माण गर्नुभएको थियो । निर्माता पोखरेलले यसपटक लोकेसन, प्रस्तुतीकरण र पटकथालाई फरक किसिमले चलचित्रमा प्रस्तुत गर्न लागेको बताउनुभयो ।

निर्देशक लक्ष्मण सुनारको निर्देशन रहने चलचित्र फागुनदेखि छायांकनमा जाँदैछ । कथा 'परालको आगो' मा दुई पात्र चामे र गौंथलीको झैंझगडालाई प्रस्तुत गरिएको छ ।

# चीनद्वारा २९ देशका लागि एकपक्षीय भिसा मुक्त नीति लागू : विदेश मन्त्रालय

**एजेन्सी**
बेइजिङ, ८ मंसिर



चीनले अन्तर्राष्ट्रिय यात्रालाई बढावा दिने प्रयास स्वरूप फ्रान्स, जर्मनीलगायत २९ वटा देशका लागि एकपक्षीय भिसा-मुक्त नीति लागू गरेको विदेश मन्त्रालयका अधिकारीले जनाएका छन् । पत्रकार सम्मेलनमा मन्त्रालयको कन्सुलर विभागका अधिकारी टोङ जुएजुनले चीनले २५ वटा देशहरूसँग पूर्ण भिसा छुट प्राप्त गरेका बताउनुभएको छ । मन्त्रालयले सन् २०२३ डिसेम्बर-१ देखि फ्रान्स, जर्मनी, इटाली, नेदरल्यान्ड्स, स्पेन र मलेसियाका साधारण पासपोर्ट धारीका लागि एकपक्षीय भिसामुक्त प्रवेश परीक्षणको घोषणा गरेको हो ।

यस नीतिअन्तर्गत योग्य व्यक्तिहरूले व्यापार, पर्यटन, पारिवारिक भ्रमणलगायतका लागि १५ दिनसम्म चीनमा रहन सक्नेछन् । चीनले आफ्ना दूतावासमा भिसा आवेदन अघि अपोइन्टमेन्टको आवश्यकतालाई रद्द गर्दै फिंगरप्रिन्ट संकलनको छुट विस्तार गरी भिसा शुल्क २५ प्रतिशतले घटाएको टोङले बताउनुभएको छ ।

सन् २०२४ को तेस्रो त्रैमासिकमा, चीनमा विदेशीद्वारा गरिएको ८.१९ मिलियन यात्राहरू रेकर्ड गरेको छ, जुन गतवर्षको समान अवधिको तुलनामा ४८.८ प्रतिशतले बढी हो । अधिकारीका अनुसार तीमध्ये ४.८९ मिलियन भिसा-मुक्त व्यवस्थामार्फत आएका थिए ।

मन्त्रालयले विशेषगरी व्यापारिक गतिविधिमा संलग्न व्यक्तिहरूका लागि सीमापार यात्रालाई सहज बनाउन भिसामुक्त प्रवेश नीतिलाई परिष्कृत गरी जारी राख्ने टोङले उल्लेख गर्नु भएको छ । रासस/सिन्ह्वा ।

# मुहार फेर्दै कीर्तिपुर क्रिकेट मैदान



**हिमालय टाइम्स**

काठमाडौं, ८ मंसिर

नेपाल प्रिमियर लिग एनपिएलको चर्चा अहिले चुलिएको छ । अन्य खेलकुद संघहरूले देशको आर्थिक स्थितिलाई दोष दिँदै चुपचाप बसिरहँदा नेपाल क्रिकेट संघ क्यानले नेपाली खेलकुद नै तरंगित हुने गरी चर्चा बटुलिरहेको हो । चाहे प्रमुख प्रायोजन सम्झौता होस् वा शिखर धवन, मार्टिन गप्टिल, जिमि निशम, रवि बोपरा जस्ता विश्व स्टारको आगमन अनि स्टार स्पोर्ट्ससँगको सम्झौता । योसँगै अर्को चर्चाको विषय बनेको छ, टियु खेल मैदान । यो पटक मैदान पुग्ने दर्शक र क्रिकेट समर्थकहरूले केही हदसम्म मैदानको स्वरूप परिवर्तन भएको महसुस पक्कै गर्नेछन् ।

विशेष गरी यो पटक दर्शकको सुरक्षालाई ध्यान दिइएको क्यानको भनाइ छ । यो पटक साधारण प्याराफिटतर्फ पहिलो पटक जोन छुट्याइएको छ । टिकट खरिद गर्दा जोनअनुसार खरिद गर्नुपर्नेछ र चार जोनका लागि अलग-अलग गेट बनाइएको छ । अर्को ठूलो परिवर्तन भनेको टियु मैदानमा पहिलो पटक भिआईपी टिकटको व्यवस्था गरिनेछ । जसका लागि बस्ने मेच राखिएको छ । टियुमा दर्शकका लागि मेच राखिएको पहिलो पटक हो । दुई ठाउँमा गरी दुई हजार दर्शक क्षमता भिआइपीतर्फको रहेको छ । तर, १२ सयसम्म टिकट बेच्ने क्यानले जनाएको छ । साधारणतर्फ भने दश हजारसम्म टिकट बेच्ने बताइएको छ ।

यसबाहेक पहिलो पटक डिजिटल स्कोरबोर्ड अर्को परिवर्तनका रूपमा रहनेछ । पहिलो पटक टियुमा डिजिटल स्कोरबोर्ड जडान गरिएको हो । यसबाहेक अर्को महत्त्वपूर्ण पक्ष भनेको पिच हो । पिचमा लगानी र मिहिनेत भरपूर गरिएको छ । बंगलादेशका क्युरेटरको नेतृत्वमा पिचलाई स्तरीय बनाइएको छ । सँगै आउटफिल्ड पनि निकै राम्रो बनेको छ । दर्शक र मैदानबीचको बारलाई सारिएको छ । जसले गर्दा बाउण्ड्री नै बढेको छ ।

अर्को ठूलो परिवर्तन भने भिआइपी र फ्रेन्चाइज लाउन्ज बनेको छ । मिडिया बक्स प्लेयर बक्सभन्दा माथि सारिएको छ । प्राक्टिस ट्रफ पनि अहिले पाँचवटा बनाइएको छ । साइड स्क्रिन पनि परिवर्तन गरिएको छ । क्यान आफँले गरेको स–साना परिवर्तनले पनि मैदानको स्वरूपमा सकारात्मक परिवर्तन देखिएको छ । तर, सरकारले १०० दिनभित्र जडान गर्ने भनेको फ्लड लाइट भाषणमा मात्र सीमित बनेको छ । यसबाहेक सुरक्षाका लागि नेपाल प्रहरीसँग सहकार्य भएको पनि क्यानले जनाएको छ ।

आठ टिमबीच हुने एनपिएल यही मंसिर १५ गतेदेखि सुरु हुँदैछ । यसअघि पनि धेरै पटक नेपालमा फ्रेन्चाइज क्रिकेट भइसकेका छन् । तर, यो पटक क्यानको नेतृत्वमा पहिलो पटक हुन लागेको एनपिएलको रौनक बेग्लै छ । प्रतियोगितामा सुदूरपश्चिम रोयल्स, पोखरा एभेन्जर्स, जनकपुर बोल्ट्स, काठमाडौं गुर्खाज, चितवन राइनोज, विराटनगर किंग्स, कर्णाली याक्स र लुम्बिनी लायन्सले प्रतिस्पर्धा गर्नेछन् ।

# कबड्डी लिगको फ्रेन्चाइज टोली घोषणा

## लोगो र ट्रफी सार्वजनिक




**हिमालय टाइम्स**

काठमाडौं, ८ मंसिर

पहिलोपल्ट आयोजना हुन लागेको नेपाल कबड्डी लिग (एनकेएल) मा ६ शहरको प्रतिनिधित्व रहने गरी फेन्चाइज टोली घोषणा गरिएको छ । पहिलोपल्ट आयोजना हुन लागेको एनकेएलमा काठमाडौं, पोखरा, विराटनगर, बुटवल, जनकपुर र धनगढी गरी ६ शहरको प्रतिनिधित्व रहने गरी फ्रेन्चाइज टोली घोषणा भएको हो । एस्ट्रोनिक्स म्यानेजमेन्ट प्रालिले पत्रकार सम्मेलन आयोजना गर्दै पहिलो संस्करणको एनकेएलमा सहभागी हुने फ्रेन्चाइज टोलीको घोषणा गरेको हो । यससँगै लामो समयदेखि नेपालका पुरुष कबड्डी खेलाडीको फ्रेन्चाइज लिग खेल्ने लक्ष्यको शुभारम्भ भएको छ । गृहमन्त्री रमेश लेखकले लिगमा सहभागी हुने ६ वटा फ्रेन्चाइज टोलीका शहर सार्वजनिक गर्नुभएको हो ।

सोही अवसरमा एनकेएलको लोगो र ट्रफी पनि सार्वजनिक गरिएको थियो । अखिल नेपाल कबड्डी संघले आगामी १० वर्षसम्मका लागि एस्ट्रोनिक्स म्यानेजमेन्ट प्रालिलाई लिग आयोजना गर्ने अधिकार दिएको थियो ।

गृहमन्त्री लेखक र युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलगायतले उक्त ट्रफी सार्वजनिक गर्नुभएको थियो । यद्यपि अहिलेसम्म एनकेएल आयोजनाको मिति भने तय भएको छैन ।

कार्यक्रममा खेलकुदमन्त्री चौधरीले नेपालमा पहिलोपल्ट आयोजना गर्न लागेको कबड्डी लिगले छुट्टै उत्साह र उमंग हुने आशा व्यक्त गर्नुभयो । कबड्डी संघका महासचिव अरविन्दकुमार झाले नेपालका कबड्डी खेलाडी र प्रशिक्षकको सपना र संघको लक्ष्यका रूपमा रहेको कबड्डी लिग आयोजनाको शुभारम्भ हुनु सुखद क्षण रहेको धारणा राख्नुभयो ।

लिगका आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका अध्यक्ष हमित बेगानीले नेपाल कबड्डी लिग खेलमात्र नभएर सारा युवाको सपना रहेको र नेपाली कबड्डीलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने लक्ष्य रहेको जिकिर गर्नुभयो ।

# विश्व च्याम्पियनसिप खेल्ने सरस्वती क्लबको बिदाइ

## सात सदस्यीय नेपाली टोली आज चीन प्रस्थान गर्दै

**हिमालय टाइम्स**

काठमाडौं, ८ मंसिर



सरस्वती युथ क्लबले थ्री बाई थ्री स्ट्रिट विश्व फुटबल च्याम्पियनसिप खेल्ने भएको छ । 'बी' डिभिजन सरस्वती क्लबको प्रतिनिधित्व गर्दै पानमा नेपालका खेलाडीले चीनको क्विन्डहोमा यही मंसिर ११ देखि १६ गतेसम्म हुने च्याम्पियनसिप खेल्न लागेका हुन् । विश्व फुटबल महासंघ (फिफा)अन्तर्गत आइएसएफएले सञ्चालन गर्ने उक्त च्याम्पियनसिपमा आयोजक चीनसहित २४ देशको सहभागिता रहनेछ । चीन जाने टोलीलाई सरस्वती क्लबका अध्यक्ष उत्तम भण्डारी, बागमती प्रदेशसभा सदस्य सुनिल केसी, क्लबका पूर्वअध्यक्ष बलराम ढकाल र सल्लाहकार अच्युत पराजुलीले बिदाइ गर्नुभयो ।

सात सदस्यीय नेपाली टोली आज (आइतबार) चीन प्रस्थान गर्नेछ । टोलीका खेलाडीमा दीपेश घले, पेम्बा दोर्जे लामा, सतिश पराजुली, शुभांशु शर्मा र दिभांशु शर्मा हुनुहुन्छ । प्रशिक्षकमा असीम अर्याल र व्यवस्थापकमा विकल्प खरेल रहनुभएको छ ।

उपाधि जित्ने लक्ष्यका साथ आफूहरूले दुई महिनादेखि निरन्तर तयारी गरेको प्रशिक्षक अर्यालको भनाइ छ । फुटसलभन्दा सानो कोर्टमा खेलिने थ्री बाई थ्री फुटबल आठ मिनेटको हुने उहाँले जानकारी गराउनुभयो ।

# जेसिज भलिबलको उपाधि जिएसएम विल्डर्सलाई

**डडेल्धुरा/हिटा ।** जेसिज भलिबल कपको उपाधि जिएसएम विल्डर्सले जितेको छ । शनिबार भएको फाइनल खेलमा नेपाली सेनाको अर्जुनवाण गणलाई हराउँदै जिएसएम विल्डर्सले उपाधि जितेको हो । उपाधिसँगै जिएसएम विल्डर्सले ५५ हजार ५५५ रुपैयाँ पुरस्कार प्राप्त गरेको छ ।

डडेल्धुरा जेसिज वर्ष २०२४ ले खुला पुरुष भलिबल प्रतियोगिताको आयोजना गरेको थियो । डडेल्धुरा बहुमुखी क्याम्पसको मैदानमा भएको प्रतियोगितामा आठवटा टिमले सहभागिता जनाएका थिए । बेष्ट अफ फाइभमा खेलाइएको अन्तिम प्रतियोगिताको पाँचौं सेटमा जिएसएम विल्डर्सले १५-११ अंकले अर्जुनवाण गणलाई पछि पार्दै उपाधि उचालेको हो ।

उपविजेता अर्जुनवाण गणले २५ हजार ५५५ रुपैयाँ पुरस्कार पायो । मिसन निशान्त कालिज फर्म तेस्रो भयो । उसले १५ हजार ५५५ रुपैयाँ पायो ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी जिएसएम विल्डर्सका वलदेव धामी बन्नुभयो । उहाँले पाँच हजार रुपैयाँ पाउनुभयो ।

उत्कृष्ट स्पाइकर आशिक सुनार र उत्कृष्ट डिफेन्सर सुदिप छन्त्याल बन्नुभयो । उहाँहरू अर्जुनवाणका खेलाडी हुनुहुन्छ । उत्कृष्ट सेटर सागर जैरु र उत्कृष्ट ब्लकर भरत विक हुनुभयो । डडेल्धुरा जेसिजले जेसिज सप्ताह कार्यक्रमअन्तर्गत खुला पुरुष भलिबल प्रतियोगिता आयोजना गरेको हो ।

# साउदी प्रो–लिग जित्ने रोनाल्डोको लक्ष्यमा धक्का

**साउदी अरब/ एजेन्सी** क्रिस्टियानो रोनाल्डोको साउदी प्रो-लिग जित्ने लक्ष्यमा ठूलो धक्का लागेको छ । अल-अवल पार्कमा शुक्रबार राती भएको खेलमा पियरे एमेरिक औबामेयाङको गोलसँगै अल-कादसियाले रोनाल्डोको अल-नासरलाई पराजित गरेको हो । खेलको ३२औं मिनेटमै कप्तान क्रिस्टियानो रोनाल्डोको गोलसँगै नासरले अग्रता लिएको थियो । तर, अग्रता जोगाउन नसक्दा रोनाल्डोको अल-नासर अल-कादसियासँग २-१ ले पराजित हुन पुग्यो । अग्रता पाँच मिनेट पनि कायम रहन सकेन । जुलियन क्विनोनेसले गोल गर्दै खेल बराबरीमा ल्याउनुभयो । ५०औं मिनेटमा आर्सनल, चेल्सी र बार्सिलोनाका पूर्वफरवार्ड औबामेयाङले महत्त्वपूर्ण गोल गर्दै रियाद जाइन्टसँग समान २२ अंक पुऱ्याउनुभयो ।

**Tarakeshwor Municipality**
**Office of The Municipal Executive**
**Dharmasthali , Kathmandu**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**(Date of First Publication: 2081/08/09 (24-11-2024)**

1. Tarakeshwor Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the construction of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

| Contract no./ID | Description of Works | Total Estimated Amt (With VAT) Nrs. | Bid Security Amt (Nrs.) | Bid validity /bid security /period | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| Tara/13/NCB /081-082 | Construction works of Kavresthali Kaure Sadak Khandama Wall Nirman | 29,14,059.44 | 75,000.00 | 90/120 days | 3,000.00 |
| Tara/14/NCB /081-082 | Construction works of Gram Sewa Ma.Bi. ma Truss Tatha PVC Flooring Nirman | 33,74,353.86 | 85,000.00 | 90/120 days | 3,000.00 |
| Tara/15/NCB /081-082 | Construction works of Gumba dekhi Saatdhara samma 1 km Overlap Kalopatre | 48,96,973.34 | 1,25,000.00 | 90/120 days | 3,000.00 |

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.
   **Information of bank account**
   i. **Name of the Bank:** NIC Asia Bank Manamaiju, Kathmandu
   ii. **Name of Office:** Tarakeshwor Nagarpalika Office
   iii. **Rajaswa Khata No :** 0172050029446002
   iv. **Dharauti Khata no:** 17CA501509524006
3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2081/09/09 (December 24, 2024) 12:00.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/09/09 (December 24, 2024) 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at 9851263111, 9841423004.

**Chief Administrative Officer**

**Ghyanglekh Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Hayutar, Sindhuli**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Date of Publication:2081/08/09 (24-11-2024 AD)**

1. The Ghyanglekh Rural Municipality, Sindhuli invites electronics bids from eligible bidder for the Procurement of works under bidding procedures specified in Public Procurement Act and Regulations.
2. Details of Works:

| S.N | Contract ID | Description of Work | Bid Security Amount Nrs. | Estimated Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | GHRM/Civil/Works/NCB/ 03/2081-82 | Construction of Bhaise Health Unit | 1,70,000.00 | 77,58,800.51 |
| 2 | GHRM/Civil/Works/NCB/ 04/2081-82 | Construction of Bastipur Health Post | 61,000.00 | 28,13,864.14 |

3. Bidding Documents is available Online and can be download from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposits the cost of bidding documents in the following bank. (Contacts no. and Name of the bidders must be including in the voucher otherwise rejected)
   Information to deposit the cost of bidding document in Bank:
   Cost of Bid-Document for each package: Nrs. 3000/- (Bidder must deposit their Bid document fee through Local Level Revenue Portal https://sutrarevenue.fcgo.gov.np)
   **Name of Bank:** Nepal SBI Bank Ltd. Ghyanglekh branch, Sindhuli
   **Name of Office:** Ghyanglekh Rural Municipality
   **Office Code No:** 801032504
   **Internal Revenue Account No:** Ga-1-1(43395241207004)
   **Dharauti Account No. (Dharauti Khata):** Ga-3(43325240600016)
4. Interested Bidder shall submit the electronics bids to the office of Ghyanglekh Rural Municipality, Sindhuli through PPMO website on before 2081/09/09, 12:00 hours. Bids received after this deadline will be rejected.
5. The bid will be open in the presence of Bidders representative who choose to attend at 2081/09/09, 13:00 hours at the office of Ghyanglekh Rural Municipality, Sindhuli.
6. Bid must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format as mentioned which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash to be deposited in Deposit Account No. Ga-3(43325240600016) and submit receipt of deposit amount.
7. If the specified last date of bid document purchasing and submission/opening, fall on a Government holiday then the same time on the next day shall be considered for such events. However, the last date for bid submission and opening shall be the next working day after the last date of bid purchasing. In such case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. All government rules and regulations shall be according to Procurement act of Nepal. The Rural Municipality office reserves the right to accept, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## हिमालय एयरलाइन्सको स्पष्टोक्ति



**काठमाडौं ।** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १० घण्टा बन्द हुने कारण देखाउँदै काठमाडौंबाट विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यको उडानमा उच्च हवाई भाडा लिएको जनगुनासोप्रति गम्भीर ध्यानाकर्षण भएको हिमालय एयरलाइन्सले जनाएको छ । हिमालय एयरलाइन्सले हवाई टिकटको कालोबजारी नियन्त्रण गर्न तथा विदेश यात्रा गर्ने सर्वसाधारणका लागि उचित भाडा उपलब्ध गराउन आफ्नो सिट क्षमताको परिधिमा रहेर भाडादर कायम गरेको जनाएको छ । हिमालय एयरलाइन्सले कालोबजारी नियन्त्रणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्देशन र नेपालमा सञ्चालनमा रहेका सबै अन्तर्राष्ट्रिय एयरलाइन्सको सहमतिमा १० नोभेम्बर २०२४ देखि अर्को सूचना जारी नहुन्जेलसम्म सबै ग्रुप टिविए ग्रुप (प्रि पर्चेज)) बुकिङ निलम्बन गरिसकेको जनाएको छ ।

त्यसैगरी सबै ट्राभल एजेन्टलाई न्यूनतम लाभ मार्जिनमा मात्र टिकट बिक्री गर्न सूचित गरिसकेको, ट्राभल एजेन्टलाई हप्तामा कम्तीमा दुईपटक इमेल पठाइरहेको पनि हिमालयले जनाएको छ । कसैले कालोबजारी गरिएको भेटिएमा नेपालको सम्बन्धित कानुनअनुसार कारबाही गरिने पनि स्पष्ट पारेको छ । हिमालय एयरलाइन्सका अनुसार वाइ क्लास भाडा नर्मल इकोनमिक क्लासको उच्चतम श्रेणीको भाडादर हो । यात्रुलाई सहज बनाउन २१ नोभेम्बर २०२४ देखि सो उच्चतम श्रेणीको भाडादरमा टिकट बिक्री नगर्ने निर्णय गरिएको छ । त्यसैगरी अत्यधिक भाडादर लिएको पाइएमा एयरलाइन्सलाई सम्पर्क गर्न पनि एयरलाइन्सले आग्रह गरेको छ ।

## चीनद्वारा क्षत्रपाटी चिकित्सालयलाई इभी गाडी



**काठमाडौं ।** चीन सरकारले काठमाडौंको क्षत्रपाटीस्थित क्षत्रपाटी नि:शुल्क चिकित्सालयलाई विद्युतीय सवारीसाधन उपहार दिएको छ । शनिबार नेपालस्थित चिनियाँ राजदूत छन सोङले एक कार्यक्रमबीच विद्युतीय सवारीसाधन चिकित्सालयलाई हस्तान्तरण गर्नुभएको हो । उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहको उपस्थितिमा भएको हस्तान्तरण कार्यक्रममा अस्पताल सञ्चालक समिति अध्यक्ष डा. मनोजमान श्रेष्ठ, पूर्वमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठ, काठमाडौं महानगरपालिकाका प्रवक्ता तथा वडा १७ का वडाध्यक्ष नवीन मानन्धरलगायतको उपस्थिति थियो । सो अवसरमा उपप्रधानमन्त्री सिंहले नेपालले छिमेकीसँगै अन्तर्राष्ट्रिय समुदायसँग मैत्रीपूर्ण सम्बन्ध राखेर अघि बढिरहेको भन्दै विश्वव्यापीरूपमा जलवायु परिवर्तनको असर बढ्दै गइरहेको अवस्थामा चिकित्सालयलाई विद्युतीय सवारीसाधन उपलब्ध गराएकामा चिनियाँ सरकार र नेपालस्थित दूतावासलाई आभार व्यक्त गर्नुभयो । चिनियाँ राजदूत सोङले दूतावासको सहयोग दुई देशबीचको सम्बन्धको कडीका रूपमा रहेको बताउनुभयो । चिकित्सालयका अध्यक्ष श्रेष्ठले सवारीसाधनमात्र नभएर अन्य उपकरणमा पनि चिनियाँ सहयोग रहने विश्वास व्यक्त गर्नुभएको थियो । समुदायलाई चिकित्सा सेवा उपलब्ध गराउन क्लिनिकका रूपमा २०१६ सालमा स्थापना भएको क्षत्रपाटी नि:शुल्क चिकित्सालयले सुविधासम्पन्न अस्पतालकै जस्तो सेवा उपलब्ध गराउँदै आएको छ ।

# चिलिमेका तीन आयोजनाको १६८ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थपियो

**हिमालय टाइम्स**
काठमाडौं, ८ मंसिर

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा रसुवामा सुरु भएका तीनवटा जलविद्युत् आयोजना निर्माण सम्पन्न भई १६८ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । तीनवटै आयोजनाबाट उत्पादित विद्युत् रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित प्राधिकरणले बनाएको २२०/१३२/३३ केभी सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिएको विद्युत् प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार १४.८ मेगावाटको माथिल्लो साञ्जेन, ४२.५ मेगावाटको साञ्जेन र १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुन् । त्यसमध्ये माथिल्लो साञ्जेन गत वर्षको असोजमा निर्माण सम्पन्न भई व्यावसायिकरूपमा विद्युत् उत्पादन गरी हालसम्म करिब ३० करोडको विद्युत् बिक्री गरिसकेको छ । ४२.५ मेगावाटको साञ्जेन आयोजना निर्माण सम्पन्न गरी शुक्रबारदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडी परीक्षणका रूपमा विद्युत् उत्पादन सुरु गरिएको छ ।

१११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजना निर्माण सम्पन्न भई हाल परीक्षणका रूपमा विद्युत् उत्पादन गरिरहेको छ । परीक्षण उत्पादन सफल भएपछि साञ्जेन



र रसुवागढीको व्यावसायिकरूपमा विद्युत् उत्पादन सुरु हुनेछ । दुवै आयोजनाबाट मंसिरभित्रै व्यावसायिकरूपमा विद्युत् उत्पादन हुनेछ । नदी प्रवाहमा आधारित माथिल्लो साञ्जेन, साञ्जेन र रसुवागढी जलविद्युत् आयोजनाबाट हिउँदमा करिब ८० मेगावाटमात्र विद्युत् उत्पादन हुन्छ ।

चिलिमे जलविद्युत् कम्पनीको अनुवाइमा २७० मेगावाटका चार आयोजना सुरु गरिएकामा सिन्धुपाल्चोकमा निर्माणाधीन १०२ मेगावाट मध्य भोटेकोशीबाहेक तीन आयोजना सम्पन्न भएका हुन् । सबै आयोजना २०७२ को विनाशकारी भूकम्प एवं बाढीपहिरोले पुऱ्याएको क्षति तथा अवरोध, कमजोर भौगर्भिक अवस्था, मधेश आन्दोलनका कारण निर्माण सामग्री ढुवानी र इन्धन आपूर्ति समस्या, प्रत्येक वर्षायाममा आयोजना क्षेत्रमा आइरहने ठूलो बाढी, पहुँच मार्गमा निरन्तर गइरहने पहिरोलगायतको चपेटामा परेका थिए । जसले गर्दा आयोजना निर्माण प्रभावित भएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विभिन्न कारण जीर्ण बनेका चिलिमेका आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुनु ठूलो उपलब्धि भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'म चिलिमे कम्पनीको प्रबन्ध-सञ्चालक भएका बेला सर्वसाधारणको पनि लगानी रहने गरी एकसाथ चारवटै आयोजनाको निर्माण अघि बढाइएको थियो, मुख्यरूपमा काबुबाहिरको परिस्थितिका कारण आयोजना निर्माणमा केही समय लागे पनि अब तीनवटा आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको छ, बढी विद्युत् माग हुने काठमाडौं उपत्यकाबाट नजिकै रहेका आयोजनाले हिउँदमा विद्युत् प्रणालीलाई सन्तुलन र भरपर्दो बनाउन सहयोग गर्नेछन् ।'

प्राधिकरणका अनुसार भूकम्प, नाकाबन्दी, विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन, निर्माण अवधि लम्बिँदा ऋणको ब्याजदर तथा प्रशासनिक खर्च बढ्दा लागतमा केही वृद्धि भएको छ । माथिल्लो साञ्जेन र सञ्जेन गरी दुवैको अनुमानित लागत निर्माण अवधिको ब्याजबाहेक सात अर्ब ३५ करोड थियो । आयोजनाको प्रवर्द्धक साञ्जेन जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले निर्माण अवधिको ब्याजबाहेक आयोजनाहरूको लागत नौ अर्ब २० करोड हुने अनुमान गरिएको बताउनुभयो । उहाँले लागत अनुमानबमोजिम दुवै आयोजनाको अनुमानित लागत प्रतिमेगावाट साढे २२ करोड हुने देखिएको बताउनुभयो । चिलिमेका चारवटै आयोजनामा कर्मचारी सञ्चय कोषले ऋण प्रवाह गरेको हो ।

कम्पनीमा चिलिमे जलविद्युत् कम्पनीको ३९.३६ प्रतिशत, प्राधिकरणको १०.३६ प्रतिशत, रसुवाका स्थानीय तहको १.२८ प्रतिशत संस्थापक सेयर छ । कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता र कम्पनीका संस्थापक संस्था(प्राधिकरण, चिलिमे र रसुवा जिल्लाका सम्बन्धित स्थानीय तह) का कर्मचारी तथा ऋणदाता संस्था (कर्मचारी सञ्चयकोष)का कर्मचारी, आयोजना प्रभावित रसुवाबासी र सर्वसाधारण गरी ४९ प्रतिशत साधारण सेयर छ ।

माथिल्लो साञ्जेन र साञ्जेनबाट वार्षिकरूपमा एक अर्ब ८० करोड युनिट विद्युत् उत्पादन हुनेछ । माथिल्लो साञ्चेनलाई विद्युत्को बढी माग हुने साँझको समय (पिक) दिउँसोको पानी जम्मा गरी ७०-७० मिनेट पूर्ण क्षमतामा चलाउन सकिन्छ । जसका लागि पिकिङ पोखरी निर्माण गरिएको छ ।

## मुन्दुम भ्रमण वर्ष २०२५ को तयारी

**निरोज कोइराला/हिटा**
भोजपुर, ८ मंसिर

एक लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ आयोजना गर्न लागिएको मुन्दुम भ्रमण वर्ष २०२५ को तयारी तीव्र बनाइएको छ । आ-आफ्नो क्षेत्रमा रहेका स्थानीय तहले समेत 'मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५' सफल बनाउन सहयोग गर्ने प्रतिबद्धता जनाएको टेम्केमैयुम गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले बताउनुभयो । पुस १७ गतेबाट औपचारिकरूपमा सुरु हुने मुन्दुम ट्रेल भ्रमण वर्षका लागि विभिन्न महोत्सवसमेत आयोजना हुने गरी तयारी सुरु गरिएको उहाँको भनाइ थियो ।

मैयुङ ट्याम्के साल्पासिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रको संयोजकत्व र मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५ मूल व्यवस्थापन समितिको आयोजनामा बसेको बैठकले विभिन्न स्थानीय तहलाई मुन्दुम ट्रेलसँग जोडिएका आ-आफ्ना क्षेत्रमा विभिन्न महोत्सव र पर्यटकीय क्रियाकलापमा पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने खालका मौलिक कार्यक्रम समावेश गराउने निर्णयसमेत गरिएको छ । भ्रमण वर्षमा भोजपुरको टेम्केमैयुङ गाउँपालिकामा गुराँस तथा घोडचढी महोत्सव, फिल्म सुटिङ महोत्सव, खोटाङको केपिलासगढी गाउँपालिकामा हनी हन्टिङ महोत्सव तथा गोठस्टे महोत्सव, साकेला गाउँपालिकामा उँधौली-उँभौली साकेला तथा अन्य सांस्कृतिक महोत्सव, भोजपुर



नगरपालिकामा अल्ट्रा म्याराथुन, माउन्टेन साइक्लिङ, साल्पासिलिछो गाउँपालिकामा नाछोड धामी साहित्यिक महोत्सव, षडानन्द नगरपालिकामा रुद्राक्ष महोत्सव, महाकुलुङ गाउँपालिकामा पनि महोत्सवलगायतका कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ ।

टेम्केमैयुङ गाउँपालिका अध्यक्ष बस्नेतले भन्नुभयो, 'मुन्दुम ट्रेललगायत विभिन्न सांस्कृतिक पक्ष पर्यटनको भर्जिन गन्तव्य भएकाले एक लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ ।' यो सरकारको पर्यटन सूचीमा रहेको एक सय गन्तव्यमध्ये एक हो ।

# पुँजीगत खर्च बढाउन नीतिगत र संस्थागत सुधारमा जोड

**हिमालय टाइम्स**
काठमाडौं, ८ मंसिर

नीतिगत र संस्थागत सुधारबिना पुँजीगत खर्च बढाउन कठिन रहेको एक अध्ययनले देखाएको छ । नेपाल उद्योग परिसंघ(सिएनआई) र नेपाल आर्थिक पत्रकार समाज(सेजन)ले संयुक्तरूपमा गरेको चालु आर्थिक वर्षको बजेटको कार्यान्वयनको त्रैमासिक अवस्थामाथिको अध्ययनले विनियोजित बजेटमार्फत् गरिएका सुधारका कार्यक्रमसमेत कार्यान्वयन नहुँदा बजेट खर्च हुन नसकेको र सोको प्रभाव पूर्वाधार निर्माण क्षेत्रमा परिरहेको औंल्याएको हो । पूर्वतयारीबिना योजना राख्दा काम हुन नसकेको, अघिल्लो सरकारले बजेट ल्याएका कारण सरकारले अपनत्व नलिएको, बजेटमै तोकिएका सुधारका कार्यक्रम कार्यान्वयन नभएकोलगायतका कारण पूर्वाधार क्षेत्रमा विनियोजित बजेट कार्यान्वयन हुन नसकेको बताइएको छ ।

ललितपुरमा आयोजित पूर्वाधार क्षेत्रमा विनियोजित बजेट कार्यान्वयनको अवस्थामाथि सिएनआईले आयोजना गरेको कार्यक्रममा राष्ट्रिय योजना आयोगले पूर्वाधार क्षेत्रमा २० खर्ब रुपैयाँ प्रतिवर्ष लगानी गर्नुपर्ने १६औं पञ्चवर्षीय योजनामा उल्लेख गरेको छ तर वार्षिक तीन खर्ब हाराहारीमा पूर्वाधार क्षेत्रमा बजेट विनियोजन भएको, त्यो पनि खर्च हुन नसकेको सिएनआईको भनाइ थियो । पछिल्ला आर्थिक वर्षहरूमा छुट्याइएको बजेटको ६० प्रतिशत वरिपरिमात्र खर्च हुने प्रवृत्ति छ । अध्ययनले चालु आर्थिक वर्ष २०८०/८१ वर्षको बजेटमा भएका पूर्वाधारसँग सम्बन्धितमध्ये सात बुँदा सिएनआईले चालु वर्षको बजेट वाच पुस्तिकामा समेटेको छ । सोमध्ये पहिलो चौमासिकमा ढिला गरी एउटामात्र कार्यान्वयन भएको उल्लेख छ । चारवटा बुँदामा आंशिक र दुईवटाको प्रगति शून्य रहेको छ । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले पुँजीगत खर्च वृद्धि गर्न समन्वय बढाउन सबै मन्त्रालयसँग अवरोध घटाउने उपाय खोजीका लागि छलफल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'अनावश्यक र झन्झटिलो प्रक्रिया घटाउन, वनको समस्या समाधान गर्न, खरिद र वित्तीय व्यवस्थापन सहजीकरण गर्न काम गरिरहेका छौं ।'

बजेटमा पर्ने आयोजनाको सूची चैतमा नै तयार गर्ने, योजना र स्रोतको




पहिले नै निर्क्योल गर्ने र त्यसलाई कडाइसाथ अघि बढाउँदा प्रतिफल राम्रो आउने अपेक्षा रहेको उपाध्यक्ष अधिकारीको भनाइ थियो । सरकारले नयाँ योजना थप गर्नेभन्दा पनि निर्माणाधीन योजना पूरा गर्नेतर्फ जोड रहेको पनि उहाँले जानकारी गराउनुभयो । पूर्वाधार बजेट र कार्यान्वयनमा केन्द्रित समूह छलफलमा लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले १६औं पञ्चवर्षीय योजनाले एक सय १२ खर्ब रुपैयाँ पूर्वाधार क्षेत्रमा लगानी आवश्यक देखाएकोमा त्यसमध्ये ३५ खर्ब सरकारले र बाँकी निजी क्षेत्रले लगानी गर्ने गरी योजना तयार भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'संघीय व्यवस्थाअनुसार सबै तहका सरकारबीच स्पष्ट कार्ययोजना जिम्मेवारी तोकिएमा पनि पूर्वाधार क्षेत्रमा रहेका समस्या समाधान गर्न सहयोग पुग्ने देखिन्छ, त्यसमा अस्पष्टता हुँदा धेरै अलमल र पूर्वाधार विकासमा अपेक्षित प्रगति हुन नसकेको हो ।' पञ्चवर्षीय योजना आगामी पाँच वर्षसम्म कार्यान्वयन हुने र त्यो कानुनीरूपमै अनिवार्य गर्ने हो भने आयोजना थप हुने अवस्था नै नरहने उहाँले बताउनुभयो । परियोजनाहरूबाट अपेक्षित प्रगति हासिल गर्न र अवरोध हटाउन समन्वय गर्ने विषयमा लगानी बोर्डले विशेष ध्यान दिने गरेको ज्ञवालीले बताउनुभयो । परियोजनाका लागि वित्तीय व्यवस्थापन भएरमात्र परियोजनाको काम थालिने, विस्तृत परियोजना प्रतिवेदन तयार गरेर, स्थानीयमा अपनत्व विकास गरेर, खरिद व्यवस्थापन सुनिश्चित गरेरमात्र काम थालिने भएकाले पनि योजना सम्पन्न हुने सम्भावना धेरै हुने उहाँको भनाइ थियो । ज्ञवालीले भन्नुभयो, 'बोर्ड हालसम्म ऊर्जा केन्द्रित योजनाको बाहुल्यता भए पनि आगामी दिनमा ऊर्जाबाहेकका योजना पनि प्राथमिकता दिने गरी काम गरिरहेको छ । पूर्वाधार क्षेत्रको लगानी फिर्ता आउन ढिलो हुने र त्यसका लागि आवश्यक वित्तीय संयन्त्र निर्माण गर्नुपर्नेतर्फ अघि बढन् प्रयत्न भइरहेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव कृष्ण पन्तले पूर्वाधार परियोजना बाँड्ने र योजना छरिँदा आवश्यकभन्दा न्यून बजेट हुँदा कार्यान्वयनमा समस्या रहेको बताउनुभयो । सांसदहरूले नै २५ करोड लागत भएका परियोजनाका लागि १० लाख बजेट पार्न खोज्ने र काम भने नहुने समस्या रहेको उहाँको भनाइ थियो । त्यसबाहेक सार्वजनिक खरिदसम्बन्धी सुधारका लागि चालिएका कदम पनि अघि बढाउन नसकिँदा पुँजीगत खर्च सुस्त भएको उहाँले बताउनुभयो ।

सिएनआईका उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले लगानी सम्मेलनमार्फत् पूर्वाधार क्षेत्र केन्द्रित गरी नीतिगत र कार्यान्वयनका प्रवृत्ति सुधार गर्ने काम गर्नुपर्ने भन्दै लगानी जुटाउन नयाँ वित्तीय औजार पनि सिफारिस गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'पूर्वाधार दिगो बनाउन आवश्यक तयारी र लगानीका लागि हरित बण्ड, पूर्वाधार बण्डलगायतका वित्तीय औजारलाई बजेटमा मात्र उल्लेख नगरेर कार्यान्वयनको थालनी गर्नुपर्नेछ ।' पुँजीगत खर्च बढाउन योजनाको प्राविधिक, कानुनी, निर्माणस्थल, वित्तीय व्यवस्थापनलगायतका तयारी महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो ।

समूह छलफलका मध्यस्थकर्ता किशोर थापाले सबै सरोकारवालाबीच संस्थागत र नीतिगत सुधारका लागि एकमत हुनुपर्ने, पूर्वाधार क्षेत्रमा अधिकतम निजी क्षेत्रको सहभागिता बढाउनुपर्ने र स्पष्ट निर्णय क्षमता विकास गर्नुपर्ने बताउनुभयो । सिएनआई अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्र चलायमान बनाउन पूर्वाधार विकास निर्माण क्षेत्र सक्रिय हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'अहिले अर्थतन्त्र शिथिल हुनुमा पूर्वाधार क्षेत्र गतिशील नहुनु हो । हरेक वर्ष तोकिएको बजेट खर्च हुने गरी काम गर्न आवश्यक व्यवस्था गरिनुपर्छ ।'

## सिगासको केन्द्र जोड्ने सडक पाँच वर्षभित्र कालोपत्रे हुने

**डम्बर बोहरा/हिटा**
बैतडी, ८ मंसिर

बैतडीको सिगास गाउँपालिकाको केन्द्र जोड्ने सडक आगामी पाँच वर्षभित्र कालोपत्रे हुने भएको छ । श्रीभावर-दोगाड-लेक-गर्जे सडक पाँच वर्षभित्र कालोपत्रे गर्ने गरी सम्झौता भएको हो । स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत उक्त सडकलाई कालोपत्रे गर्न विश्व बैंक र नेपाल सरकारबीच सम्झौता भएको सिगास गाउँपालिकाका अध्यक्ष हरिसिंह धामीले बताउनुभयो ।

सडक कालोपत्रे गर्ने कामलाई अघि बढाउन बिहीबार त्रिपक्षीय सम्झौता भएको थियो । संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबीच सडक निर्माण कार्य अघि बढाउन त्रिपक्षीय सम्झौता भएको हो । सम्झौतासँगै सिगास गाउँपालिकाको केन्द्र जोड्ने सडक कालोपत्रे गर्ने काम अघि बढ्ने अध्यक्ष धामीले




जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, 'श्रीभावर-दोगाड-लेक-गर्जे सडकको ट्र्याक गाउँपालिकाको केन्द्रसम्मै खोलिसकिएको छ, उक्त सडक स्तरोन्नतिसहित कालोपत्रे गर्न सम्झौता भएको र सोहीअनुसार काम अघि बढ्छ ।' सडक कालोपत्रे गर्न डिपिआर बनाउने काम भइरहेको र वातावरणीय प्रभाव मूल्यांकनको काम पनि अघि बढ्ने प्रमुख प्रशासकीय अधिकृत रघुनाथ अवस्थीले बताउनुभयो । नेपाल सरकार र विश्व बैंकबीच पालिकाको केन्द्रमा सडक नपुगेका पालिकाका केन्द्रहरूमा सडक पुऱ्याउने सहमतिअनुसार उक्त सम्झौता भएको हो । जसको कार्यान्वयन प्रदेश सरकारले गर्नेछ । सडक निर्माणका लागि सामाजिक वातावरण र अन्य काममा गाउँपालिकाले समेत सहजीकरण गर्नेछ । सिगास गाउँपालिकाको केन्द्रसम्म पक्की सडक निर्माण भएमा स्थानीयहरूलाई सहज हुने विश्वास गरिएको छ ।


**सिंजा गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
**नराकोट, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०८/०९*

यस कार्यालयबाट मिति २०८१/०६/२३ मा प्रकाशित सूचना अनुसार तपशिलको योजनाको लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/WORKS/ BUILDING/01/2081/082 | Sinja Gaupalika Ko Ward No. 3 ra 5 ko Bhawan Nirman II | Royal Rashmi Construction Pvt. Ltd., Jumla | 79,34,467.33 NPR | |

**प्रमुख प्रशासकीय अधिकृत**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल